बुढानीलकण्ठ नगरपालिका
बुढानीलकण्ठ नगर कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित
**स्थानीय राजपत्र**

**खण्ड :- ६** **सङ्ख्या :-१३** **मिति :- २०८०।१२।३०**
**भाग-२**

# सीप विकास तालिम सञ्चालन कार्यविधि, २०८०

## प्रस्तावना

आफ्नो नगर भित्रका  बेरोजगार युवाहरुलाई लक्षित गरी श्रम बजारको मागको आधारमा सीपमूलक तालिमको मध्यमबाट दक्ष कामदारमा रुपान्तरण गराइ स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रिय श्रम बजारमा रोजगारीको अवसर प्राप्ती मार्फत आय आर्जन सुनिश्चितताका लागि त्यस्ता जनशक्ति तयार गर्न बुढानीलकण्ठ नगरपालिका प्रतिबद्ध छ । श्रम तथा रोजगारीका गतिविधिमा सीप विकास तालिमलाई महत्वपूर्ण साधनको रुपमा स्थापित गर्न नगरपालिकाले विभिन्न सरोकारवालाहरुबाट समय समयमा प्राप्त सल्लाह सुझावलाई नीतिगत दस्तावेजमा उल्लेख गर्दै आइरहेको छ । साधारण शिक्षा आर्जन गरेका युवाहरुलाई पेशागत सीपसंग जोडिनु पर्ने आजको आवश्यकतालाई मध्यनजर गर्दै शिक्षालाई सीपसंग, सीपलाई श्रमसंग, श्रमलाई उत्पादनसंग र उत्पादनलाई बजारसंग जोड्नका लागि नगरपालिकाको भौगोलिक क्षेत्रभित्रका सबै सीप विकास तालिम कार्यक्रमलाई व्यवस्थित, एकीकृत र समन्वयात्मक रुपमा सञ्चालन गर्न वान्छनीय भएकोले

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (२) को ज(३) र (७) र दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी बुढानीलकण्ठ नगरपालिकाको कार्यपालिकाको बैठकले “सीप  विकास तालिम सञ्चालन कार्यविधि २०८०” बनाएको छ ।

### परिच्छेद —एक

**परिचय**

१. *संक्षिप्त नाम र प्रारम्भः*

क) यो कार्यविधिको नाम "सीप विकास तालिम सञ्चालन कार्यविधि, २०८०" रहेको छ ।

ख) श्रम बजारको मागमा आधारित रोजगारमूलक सीप तालिम, वास्तविक लाभग्राहीसम्म पुग्नको लागि लाभग्राहीको सहज पहुँचका आधारमा घुम्ती तालिम सञ्चालन, रोजगार प्रवर्द्धनका लागि नीजि क्षेत्रसँगको सहकार्य, प्रशिक्षार्थीको सिकाइको राष्ट्रिय स्तरको प्रमाणीकरण र मान्यता तथा गुणस्तरको न्यूनतम् मापडण्ड पूरा गर्न आवश्यक पर्ने योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमनको व्यवस्था मिलाउन यो कार्यविधिले मार्गदर्शन गर्नेछ ।

ग) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

## २. *परिभाषाः*

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "पालिका" भन्नाले बुढानीलकण्ठ नगरपालिका, काभ्रेपलाञ्चोक सम्झनुपर्छ ।

(ख) "पालिकाको कार्यक्षेत्र" भन्नाले नगरपालिकाको ~~सम्पर~~ भौगोलिक क्षेत्रलाई सम्झनुपर्छ ।

(ग) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई सम्झनुपर्छ ।

(घ) "सीप विकास तालिम" भन्नाले बजारको मागमा आधारित छोटो अवधिको सीपमूलक तालिम भन्ने सम्झनुपर्छ ।

(ङ) "सहभागी छनौट समिति" भन्नाले यस कार्यविधिको दफा दफा ६.४ बमोजिमको गठित समितिलाई सम्झनु पर्दछ ।

(च) "व्यावसायिक सीप विकास तालिम समन्वय समिति" भन्नाले यस कार्यविधिको दफा ६.१ बमोजिमको गठित समितिलाई सम्झनुपर्छ ।

(छ) "परिषद्" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन २०४५ को दफा ३ बमोजिमको प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्लाई सम्झनुपर्छ।

(ज) "परिषद् कार्यालय" भन्नाले परिषद्को संघीय तथा प्रदेश कार्यालय समेतलाई सम्झनुपर्छ।

(झ) "शिक्षालय" भन्नाले परिषद्का आङ्गिक प्राविधिक तथा बहुप्राविधिक शिक्षालय र तालिम केन्द्रलाई सम्झनु पर्छ र सो शब्दले परिषद् अन्तर्गत साझेदारी र प्रतिष्ठानको रुपमा सञ्चालित प्राविधिक तथा बहुप्राविधिक शिक्षालयहरूलाई समेत सम्झनुपर्छ।

(ञ) "विद्यालय" भन्नाले सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन गरेको सामुदायिक विद्यालय (टेक्स) हरूलाई सम्झनुपर्छ।

(ट) "निजी स्तरमा सञ्चालित संस्था" भन्नाले परिषद् कार्यालयबाट सम्बन्धन प्राप्त छोटो अवधिका तालिम सञ्चालन गर्दै आएका निजी स्तरमा सञ्चालित तालिम प्रदायक संस्थाहरूलाई सम्झनुपर्छ।

(ठ) "तालिम प्रदायक संस्था" भन्नाले परिषद्बाट कार्यक्रम सञ्चालन स्वीकृति तथा सम्बन्धन प्राप्त बहुप्राविधिक शिक्षालय, शिक्षालय, विद्यालय, साझेदारी, प्रतिष्ठान र निजी स्तरमा संचालित शिक्षण संस्थाहरूलाई सम्झनुपर्छ।

(ड) "सीप परीक्षण" भन्नाले तालिम सम्पन्न गरेका प्रशिक्षार्थीहरूको राष्ट्रिय सीप परीक्षण समितिले सञ्चालन गर्ने सीप परीक्षणलाई सम्झनुपर्छ ।

(ढ) "औद्योगिक प्रतिष्ठान" भन्नाले प्रशिक्षार्थीहरूलाई कार्यगत तालिम (On The Job Training) तथा रोजगारीको अवसर प्रदान गर्ने उद्योग व्यवसायलाई सम्झनुपर्छ ।

(ण) "पाठ्यक्रम" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्द्वारा स्वीकृत भएको छोटो अवधिको पाठ्यक्रम अथवा स्थानीय तहले नगर भित्रको आवश्यकताको आधारमा तयार परेको पाठ्यक्रमलाई सम्झनुपर्छ ।

(त) "प्रशिक्षक" भन्नाले परिषद् वा पालिकाद्वारा स्वीकृत पाठ्यक्रम अनुसार सैद्धान्तिक तथा प्रयोगात्मक सीप सिकाउन सम्बन्धित तालिम प्रदायक संस्थाद्वारा नियुक्त गरिएको प्राविधिक व्यक्तिलाई सम्झनुपर्छ ।

(थ) "प्रशिक्षार्थी" भन्नाले तालिममा छनौट भई प्रशिक्षणरत सहभागी व्यक्तिलाई सम्झनुपर्छ ।

(द) "लक्षित वर्ग र समूह" भन्नाले पालिकाको क्षेत्र भित्रका बेरोजगार, आर्थिक रूपमा विपन्न र सामाजिक रूपले विभेदमा परेका समुदाय, वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरू जो सीपमूलक तालिमका लागि इच्छुक छन् र तालिमबाट हासिल गरेको सीपलाई पेशा बनाएर रोजगारीमा जान ईच्छुक व्यक्ति वा समूहलाई सम्झनुपर्छ । यस कार्यविधिले लक्षित वर्ग र समूहलाई प्राथमिकरणका आधारमा वर्गीकरण गरेको छ ।

(ध) "प्रत्यक्ष तालिम लागत" भन्नाले सीप तालिम सञ्चालनका लागि आवश्यक पर्ने औजारको खर्च, उपकरण र फर्निचरको ह्रासकट्टी वा भाडा, प्रशिक्षकको पारिश्रमिक, तालिममा खपत हुने प्रयोगात्मक सामग्रीहरू, तालिम हल र प्रयोगात्मक कार्यशाला, विद्युत, पानी तथा तालिम व्यवस्थापन खर्च आदिलाई सम्झनुपर्छ ।

(न) "सुविधा खर्च वा अप्रत्यक्ष तालिम लागत" भन्नाले प्रत्यक्ष तालिम खर्च बाहेक सहभागीहरूको यातायात, आवास, खाजा लगायतका खर्चहरूलाई सम्झनुपर्छ ।

(प) "दीक्षित प्रशिक्षार्थी (Graduates)" भन्नाले यस कार्यविधि अनुसार सञ्चालित सीप विकास तालिममा प्रशिक्षार्थी भएर सफलतापूर्वक तालिम सम्पन्न गरी सीप परीक्षणमा सहभागी भई उत्तीर्ण व्यक्तिलाई सम्झनुपर्छ ।

(फ) "लाभकारी रोजगारी (Gainful Employment)" भन्नाले दीक्षित प्रशिक्षार्थीले सम्बन्धित पेशाको रोजगारीबाट प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम् मासिक आम्दानीलाई सम्झनुपर्छ ।

(ब) "तालिमको चक्र" भन्नाले तालिम पूर्वको तयारीदेखि तालिम सञ्चालन, सीप परीक्षण, नतिजा मापन र भुक्तानीसम्मको द्वीपक्षीय सम्झौतामा उल्लेख गरिएको क्रियाकलाप र समयावधिलाई सम्झनुपर्छ ।

(भ) "पेशागत व्यावसायिक तालिम" भन्नले परिषदद्वारा स्वीकृत १० महिना (१६९६ घण्टा) अवधिको तालिमलाई सम्झनुपर्छ ।

परिच्छेद — दुई

## ३. कार्यविधिको उद्देश्य

(क) यस पालिकाभित्र बजारको मागको आधारमा सञ्चालन हुने Elementary Level देखि १६९६ घण्टासम्मको व्यावसायिक सीप विकास तालिमहरु सञ्चालन गर्न ।

(ख) श्रम बजारको माग अनुरूपको सीप प्रवर्द्धन गरी गुणस्तरीय तालिम सञ्चालन र तालिम सम्पन्न भएपछि सीपयुक्त प्रशिक्षार्थीहरूको रोजगारीको सहजीकरण गर्न ।

(ग) पालिकाले सञ्चालन गर्ने सीप विकास तालिमको आन्तरिक व्यवस्थापनमा संरचनागत र प्रणालीगत सुधार ल्याउन ।

(घ) पालिका भित्र सञ्चालन हुने सीप विकास तालिमहरू र त्यसबाट दीक्षित प्रशिक्षार्थीहरूको विवरण तथ्यांक प्रणालीमा एकीकृत अभिलेखीकरण गर्न ।

## ४. कार्यविधिको ब्याख्या

(क) यस कार्यविधिमा उल्लेखित व्यवस्थाको कार्यान्वयनको क्रममा कुनै द्वविधा उत्पन्न भएमा नगर परिषद्ले निर्णय गरे अनुसार हुनेछ ।

(ख) यस कार्यविधिमा उल्लेखित व्यवस्था प्रचलित ऐन, नियम र विनियमसंग बाझिन गएको अवस्था वा कार्यविधिमा उल्लेख नभएको विषय प्रचलित ऐन, नियम र विनियम बमोजिम हुनेछ ।

**५. लक्षित समूहः** नगरक्षेत्र भित्रका बेरोजगार युवाहरु (आर्थिक रुपले बिपन्न, सामाजिक रूपले विभेदमा परेका समुदाय, बैदेशिक रोजगारीबाट फर्केका, दलित, एकल महिला, फरक क्षमता भएका, द्वन्द पीडितहरुलाई विशेष प्राथमिकता)

## ६. संस्थागत कार्यस्वरूप तथा व्यवस्थापन

### ६.१ *सीप विकास तालिम समन्वय समिति*

पालिकाले सञ्चालन गर्ने व्यावसायिक सीप सम्बन्धी कार्यक्रमहरूमा आपसी समन्वय तथा सहयोग कायम गर्न, आवश्यक परामर्श, अन्य सरकारी, गैर सरकारी तथा निजी क्षेत्रका संस्थाहरूबाट सञ्चालन गरिने व्यावसायिक सीप तालिमहरूलाई नतिजामूलक बनाउनका लागि देहाय बमोजिमको सीप विकास तालिम समन्वय समिति गठन गरिनेछ ।

(क) उप-प्रमुख, स्थानीय तह -अध्यक्ष

(ख) सामाजिक विकास समिति, संयोजक -सदस्य

(ग) संयोजकले तोकेको सम्बन्धित स्थानीय तहमा संचालित तालिम प्रदायक संस्थाका प्रमुख - सदस्य

(घ) रोजगार संयोजक -सदस्य

(ङ) रोजगारदाता संस्थाहरु मध्येबाट सम्बन्धित स्थानीय तहले तोकेको एक जना महिला सहित दुई जना -सदस्य

(च) प्रमुख, शिक्षा महाशाखा/शाखा -सदस्य सचिव

समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

### ६.२ *समन्वय समितिको सचिवालय*

दफा ६.१ बमोजिम गठित समितिको सचिवालय पालिकाको रोजगार शाखामा रहनेछ ।

### ६.३ *समन्वय समितिको काम ,कर्तव्य र अधिकार*

(क) स्थानीय तह भित्रका उद्योग, व्यवसाय र संघ संस्थामा आवश्यक पर्ने दक्ष जनशक्ति र पेशाको पहिचान तथा अभिलेखीकरण गर्ने ।

(ख) पालिका भित्र रहेका सम्बन्धित शाखाहरुसंगको समन्वयमा वार्षिक कार्यक्रम तयार गरी पालिकाको योजना शाखामा पेश गर्ने ।

(ग) बजारको माग अनुसार व्यावसायिक सीप तालिमको संख्या, कोटा र प्रति व्यक्ति अनुमानित लागत निर्धारण गरेर सीप विकास तालिम समन्वय समितिमा पेश गर्ने ।

(घ) तालिम तथा रोजगार सेवा प्रदायक संस्थासंग सेवा खरिद गर्नको लागि आवश्यक पर्ने सेवा शर्तहरू (ToR) निर्धारण गरी खरिद समितिमा पेश गर्ने ।

(ङ) पालिकाले अपनाउने खरिद प्रक्रिया अनुसार तालिम प्रदायक संस्थाको परामर्श सेवा खरिद गर्न आवश्यक पर्ने मूल्याङ्कनको मापदण्ड, आशयपत्र र प्रस्तावपत्रहरूको मूल्याङ्कन गर्न खरिद समितिलाई सहजीकरण गर्ने ।

(च) अनुगमन समितिको सिफारिसमा सीप विकास तालिम समन्वय समितिले रुजू गरी भुक्तानीका लागि लेखालाई पठाउने ।

(छ) रोजगार शाखा र वडा कार्यालयहरूसँगको समन्वयमा स्थानीय श्रम बजारमा भएको कामदारको माग र आपूर्तिसँग सम्बन्धित सूचना र तथ्याङ्कहरू नियमित रूपमा अद्यावधिक गर्ने र सीप तालिम लिएका व्यक्तिहरूको विवरण तथा तथ्याङ्कहरू नियमित रूपमा अभिलेखन गर्ने ।

(ज) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नुपर्नेछ । समितिको बैठक बर्षमा कम्तीमा २ (दुई) पटक बस्नुपर्नेछ । तर आवश्यकता अनुसार अध्यक्षको निर्देशनमा सदस्य सचिवले समितिको बैठक राख्न सक्नेछ । बैठकमा सहभागी हुँदाको सेवा सुविधा पालिकाको सम्बन्धित ऐन र नियमावलीमा व्यवस्था गरिए अनुसारको हुनेछ ।

(झ) व्यावसायिक सीप विकास तालिम प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि यस समितिले आवश्यकता अनुसार सहभागी छनौट समिति, तालिम अनुगमन तथा नतिजा प्रमाणीकरण समिति गठन गर्न सक्नेछ ।

(ञ) स्थानीय तहमा राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीमा आधारित सीप मूल्याङ्कन सञ्चालन गर्न पूर्वाधारको विकास गर्ने गराउने ।

(ट) वार्षिक प्रतिवेदन तयार गरि समन्वय समिति समक्ष पेश गर्ने ।

(ठ) स्थानीय तहमा संचालित प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमको अभिलेखीरणका लागि डाटाबेस निर्माण तथा तथ्यांक अध्यावधिक गर्ने ।

(ड) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रम र राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको कार्यान्वयन गर्ने ।

(ढ) अन्य कार्यविधि समन्वय समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## ६.४ *प्रशिक्षार्थी छनौट समिति*

प्रशिक्षार्थी छनौट गर्दा आवश्यक्ता अनुसार मुख्यतः देहाय अनुसारको समिति गठन गर्न सकिने छ र सोही समितिद्वारा प्रशिक्षार्थीको छनौट गर्नुपर्नेछ।

| | |
|---|---|
| (क) पालिका उपप्रमुख | -अध्यक्ष |
| (ख) तालिम तथा रोजगार सेवा प्रदायक | -सदस्य |
| (ग) सम्बन्धित पेशाको प्रशिक्षक | -सदस्य |
| (घ) सम्बन्धित पेशाको रोजगारदाता | -सदस्य |

यसरी छनौट गर्दा आवश्यक्ता अनुसार परिषद् , सम्बन्धित वडा अध्यक्ष लगायत सम्बन्धित निकायका प्रतिनिधिहरु अवलोकनकर्ताको रुपमा उपस्थित हुन् सक्नेछन् ।

## ६.५ *प्रशिक्षार्थी छनौट समितिको काम, कर्तव्य र अधिकार*

प्रशिक्षार्थी छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ -

(क) प्रशिक्षार्थी छनौट समितिले दफा ५ मा उल्लेख गरे बमोजिमका लक्षित लाभग्राही पारदर्शी रूपले छनौट भए/नभएको यकिन गर्ने ।

(ख) प्रशिक्षार्थी छनौट प्राथमिकरण अनुसार भए/नभएको यकिन गर्ने ।

(ग) प्रशिक्षार्थी छनौट प्रक्रियालाई महिलामैत्रि बनाउन सहजीकरण गर्ने ।

(घ) प्रशिक्षार्थी छनौट गरी अन्तिम नतिजा प्रकाशन गर्ने गराउने र तालिमको लागि सिफारिस गर्ने

(ङ) प्रशिक्षार्थी छनौटको दौरानमा आउने गुनासोहरूको सम्बोधन गर्ने ।

## ६.६ *तालिम अनुगमन तथा मूल्याङ्कन समिति*

तालिमको गुणस्तर सुनिश्चितता गर्नका लागि तालिम सञ्चालनको विभिन्न चरणमा अनुगमन गर्न अति आवश्यक पर्दछ । साथै तालिम पश्चात तालिमको प्रभावकारीता र उपलब्धि मापन गर्नका लागि देहाय बमोजिमको सदस्य रहनेगरी समिति गठन गरिनेछ ।

| | | |
|---|---|---|
| (क) | पालिका उपप्रमुख | -अध्यक्ष |
| (ख) | सम्बन्धित वडाको वडा अध्यक्ष | -सदस्य |
| (ग) | सम्बन्धित शाखा प्रतिनिधिहरु | -सदस्य |
| (घ) | तालिम तथा रोजगार सेवा प्रदायक | -सदस्य (अवलोकनकर्ता) |
| (ङ) | दातृ निकायका प्रतिनिधि | -सदस्य (दातृ निकायद्वारा सहयोग गरिएको कार्यक्रमको हकमा) |

## ६.७ *तालिम अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार*

तालिम अनुगमन तथा मुल्यांकन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ -

(क) प्रत्येक तालिम समूहमा तालिम सञ्चालन अवधिमा आवश्यकता अनुसार कम्तीमा १ देखि ७ पटक अनुगमन गर्ने ।

(ख) तालिम अनुगमन गर्दा सम्बन्धित विषयको तोकिएको पाठ्क्रम र पाठ्क्रममा उल्लेख गरे अनुसारका तालिम सामग्रीहरू, प्रशिक्षार्थीहरूको नियमित उपस्थिति र दक्ष प्रशिक्षकहरू भए नभएको यकिन गर्ने ।

(ग) तालिमको अनुगमनका दौरानमा देखिएका सकारात्मक र सुधार गर्नुपर्ने कुरालाई लिखित रूपमा तालिम प्रदायक संस्था र सीप विकास तालिम समन्वय समितिलाई जानकारी गराउने ।

(घ) समयमा नै तालिम प्राप्त प्रशिक्षार्थीहरूको सीप परीक्षण गराउन तालिम प्रदायक संस्थालाई उत्प्रेरित गर्ने साथै सीप परीक्षणको अवधिमा अनुगमन गर्ने (सीप परीक्षण हुने तालिमको हकमा) ।

(ङ) तालिम समापन पश्चात प्रशिक्षार्थीहरूलाई रोजगारीमा जोड्नका लागि तालिम प्रदायक संस्थालाई उत्प्रेरित गर्ने र आवश्यक सहयोग गर्ने ।

(च) अनुगमनको क्रममा निद्रिष्ट गरिएको चेक लिष्ट र फारमको प्रयोग गरी संकलन गरिएका सूचना र तथ्यांकहरूलाई अभिलेखीकरण गर्ने ।

(छ) यो समितिले तोकिएको तालिम मापदण्ड अनुसार नतिजा सुनिश्चित गर्ने र रुजू गरी भुक्तानीका लागि सीप विकास तालिम समन्वय समितिमा सिफारिस गर्ने ।

## परिच्छेद-चार

## ७. वित्तीय स्रोत

पालिकाको आन्तरिक श्रोत, प्रादेशिक र संघीय सरकारले दिने विभिन्न किसिमका अनुदान रकम, विभिन्न गैर सरकारी संस्थासंगको सहकार्यबाट प्राप्त हुन सक्ने अनुदान वा लागत साझेदारी रकम, निजी फर्म तथा कम्पनीहरूले गर्ने लागत साझेदारी रकम आदिबाट वित्तीय स्रोतको व्यवस्था गरिनेछ ।

## ८. तालिमको विषय, तालिमको अवधि, तालिम स्थल, कोटा निर्धारण र तालिमको विधि

### ८.१ *तालिमको विषय छनौट/पहिचानः*

क) निजिक्षेत्र संगको समन्वय तथा सहकार्यमा श्रम बजारको मागको आधारमा विभिन्न विधिबाट तालिमको विषय पहिचान गरिनेछ ।

### ८.२ *तालिमको अवधिः*

सञ्चालन हुने तालिम प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को पाठ्यक्रम अनुसार Elementary Level, तह १, २ का साथै तह २ को १६९६ घन्टा (१० महिना) अवधिको तालिम सञ्चालन गर्ने र स्थानीय बजारको मागलाई ध्यानाकर्षण गरी पालिकाले तय गरेको संम्भावित विषयको तालिम सञ्चालन गर्न सक्नेछ ।

| तालिमको तह | अवधि |
|---|---|
| Elementary Level | १६० घण्टा भन्दा कम |
| तह १ | १६० देखि ३९० घण्टा |
| तह २ | ३९० घण्टा(तह १ उत्तीर्ण गरी १ वर्षको कार्यअनुभव) वा १४०० घण्टा भन्दा माथि |

| | |
|---|---|
| तह २: व्यावसायिक (Professional) तालिम कार्यक्रमहरू | १६९६ घण्टा/२६० कार्यदिन/४० कार्यहप्ता/१० महिना अवधिको हुनेछ । जसमध्ये:<br>तालिम केन्द्र हुने प्रशिक्षणः ११२० घण्टा/२८ शैक्षिक हप्ता (प्रति हप्ता ४० घण्टाको दरले),<br>कार्यगत अभ्यास (OJT): ५७६ घण्टा/१२ शैक्षिक हप्ता (प्रति हप्ता ४८ घण्टाको दरले),<br>कार्यगत अभ्यास तयारी तथा बाटो म्याद ५ कार्यदिन र सीप परीक्षण तयारी कक्षा १५ कार्यदिन |

## ८.३ *तालिम स्थल छनौटका आधारहरुः*

क) लक्षित वर्ग, समुदायको पहुँच भएको ।

ख) कार्यगत अभ्यासका लागि पर्याप्त उद्योग भएको ।

ग) तालिम प्रदायक संस्थाले तालिम सञ्चालन गर्नुपूर्व स्वीकृत पाठ्यक्रमले निर्धारण गरे अनुसार सैद्धान्तिक कक्षा सञ्चालन र प्रयोगात्मक/अभ्यास गर्ने स्थलमा आवश्यक औजार, उपकरण र सामग्रीको साथै व्यक्तिगत सुरक्षाका उपकरणहरु (Personal Protective Equipment) व्यवस्थापन गर्नुपर्ने छ । यसका अतिरिक्त स्वास्थ्य सुरक्षाका मापदण्डहरु अपनाउनु पर्नेछ ।

घ) तालिम स्थलमा पर्याप्त सुरक्षाका उपाय, आपतकालीन अवस्थाको सुरक्षा (आगलागी, भूकम्प, बाढी आदि) तयारी र अन्य आवश्यक सामग्रीको व्यवस्था गर्नुपर्ने छ । प्रत्येक तालिम केन्द्र/स्थलमा स्वास्थ्य सेवा, वारुण-यन्त्र, एम्बुलेन्स आदि जस्ता अत्यावश्यक सेवा प्राप्त गर्ने फोन नम्बर सबैले देख्ने गरी राख्नुको साथै अग्नि नियन्त्रक (Fire Extinguisher) र प्राथमिक उपचार (First-Aid Kit) को व्यवस्था गरिएको हुनुपर्नेछ ।

ङ) उल्लेखित सम्पूर्ण व्यवस्था मिलाएपछि तालिम प्रदायक संस्थाले तालिमस्थल रुजुका लागि औपचारिक रुपमा सम्बन्धित निकायमा अनुरोध गर्नुपर्ने छ । सम्बन्धित निकायले तालिम स्थल रुजु गरी तालिम सञ्चालन अनुमति प्राप्त गरेपश्चात मात्र तालिम सञ्चालन गर्नु पर्नेछ ।

## ८.४ *कोटा निर्धारणः*

बजारको मागको आधारमा तथा उपलब्ध बजेटको आधारमा प्रशिक्षार्थी कोटा निर्धारण गरिनेछ ।यसरी कोटा निर्धारण गर्दा १ समूहमा २० जना प्रशिक्षार्थी मात्र हुनेछन ।

## ८.५ *आवेदकमा हुनुपर्ने योग्यताः*

(क) १६ वर्ष वा सो भन्दा माथि उमेर पुगेका नेपाली नागरिक ।

(ख) पालिकाको बेरोजगार सूचीमा सूचिकृत भएको व्यक्तिलाई पहिलो प्राथमिकता पर्ने छन् ।

(ग) पाठ्यक्रममा तोकिएको शैक्षिक योग्यता हाँसिल गरेको ।

(घ) व्यवसायको माग बमोजिमको कार्य गर्न शारीरिक रुपमा सबल रहेको ।

(ङ) कुनै परियोजनाको हकमा पाठ्यक्रमको दायराभित्र रही विशेष समूहलाई लक्षित गर्न सकिनेछ ।

### ८.६ *आवेदनसाथ पेश हुनुपर्ने आवश्यक कागजातहरू*

(क) नेपाली नागरिकताको प्रतिलिपि,

(ख) शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि,

(ग) हालसालै खिचेको पासपोर्ट साइजको फोटो,

(घ) लक्षित/विशेष समूहको लागि लक्षित समूह भएको अधिकारिक प्रमाण ।

### ८.७ *कर्मचारी र प्रशिक्षकको योग्यता* :

**(१) तालिम संयोजकः** तालिम प्रदायक संस्थाले एक सय जना प्रशिक्षार्थीसम्मका लागि एक जना तालिम संयोजक नियुक्त गर्नुपर्नेछ । तालिम सञ्चालन सम्बन्धी सम्पूर्ण कार्यको व्यवस्थापन गर्नुपर्ने भएको हुंदा तालिम संयोजकको योग्यता र अनुभव देहाय बमोजिम हुनेछः

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तह उत्तीर्ण वा सोभन्दा माथिको योग्यता भएको

(ख) सम्बन्धित क्षेत्रमा कम्तीमा ५ वर्षको कार्यअनुभव भएको,

(ग) पेशाजन्य स्वास्थ्य तथा सुरक्षा र मानव संसाधन व्यवस्थापन सम्बन्धी ज्ञान भएको ।

**(२) प्रशिक्षक र सुपरीवेक्षकः** तालिम प्रदायक संस्थाले २० जना प्रशिक्षार्थीका लागि २ जना प्रशिक्षक नियुक्त गर्नुपर्ने छ । स्वीकृत पाठ्यक्रम अनुसार कार्यगत अभ्यासको व्यवस्था भएका विषय/पेशाहरुका लागि तालिम केन्द्रमा हुने प्रशिक्षण पश्चात् कार्यगत अभ्यास (OJT) का लागि प्रशिक्षकहरु मध्येबाट आवश्यक्ता अनुसार OJT सुपरीवेक्षक नियुक्ति गर्नुपर्ने छ । यसरी सुपरीवेक्षक नियुक्ति गर्दा सुपरीवेक्षण सम्बन्धी कार्यअनुभव भएको प्रशिक्षकलाई प्राथमिकता दिनुपर्ने छ । एक जना सुपरीवेक्षकले ४० जनासम्म प्रशिक्षार्थीको सुपरीवेक्षण गर्न सक्नेछ ।

**प्रशिक्षकको शैक्षिक योग्यता र अनुभव निम्नानुसार हुनुपर्नेछ -**

(क) पाठ्यक्रमले तोके अनुसारको शैक्षिक योग्यता तथा कार्यअनुभव भएको ।

(ख) प्रशिक्षक प्रशिक्षण तालिम (TOT on General/Instructional/Occupational) लिएको,

**(३) डाटाबेस अपरेटरः** कम्प्युटर विषय लिई कम्तीमा माध्यमिक तह उत्तीर्ण वा माध्यमिक तह उत्तीर्ण गरी ३ महिने आधारभूत तहको कम्प्युटर तालिम लिएको ।

**नोटः** अन्य आवश्यक कर्मचारी कार्यक्रमको प्रकृति अनुसार संस्थाले व्यवस्थापन गर्नसक्ने छ ।

### ८.८ *रोजगार पदस्थापन तथा परामर्श एकाइको स्थापना*

तालिम प्रदायक संस्थाले रोजगारी पदस्थापन तथा परामर्श सेवा प्रदान गर्न र संस्थाको आन्तरिक अनुगमन कार्यलाई प्रभावकारी बनाउन रोजगार पदस्थापन तथा परामर्श एकाइ (Placement, Counseling, Unit-PCU) को आवश्यक जनशक्तिसहित स्थापना गर्नुपर्नेछ ।

**PCU ले मुख्य गरेर तपसिलका कार्य गर्नेछन्:**

(१) उद्योग र व्यवसाय तथा रोजगारदातासँग सम्पर्क, समन्वय एवं सम्बन्ध विस्तार गर्ने,

(२) सम्भावित रोजगारदाताको रोस्टर तयार पार्ने, जसमा रोजगारादाताको नाम, रिक्त पद अनुसार आवश्यक जनशक्ति, न्यूनतम् योग्यता र सीप साथै मुख्य जिम्मेवारी खुलाउने,

(३) प्रशिक्षार्थीलाई कामको संसारबारे सचेतना तथा जानकारी दिने,

(४) सम्बन्धित रोजगारदाताबाट आवश्यक जनशक्तिको मागको संकलन गरी प्रशिक्षार्थीलाई जानकारी गराउने,

(५) उद्योग र व्यवसाय तथा रोजगारदातालाई तालिम केन्द्रमा हुने प्रशिक्षणको अवलोकन गराउने र प्राप्त पृष्ठपोषणको आधारमा तालिमको गुणस्तर सुधार गर्न पहल गर्ने,

(६) सम्बन्धित पेशा र व्यवसायमा प्रयोगमा आएको नयाँ प्रविधि, रोजगारदाताको अपेक्षा तथा तालिमको अवधिमा सिक्नुपर्ने ज्ञान, सीप र प्रवृत्ति (Attitude)को जानकारी दिन आवश्यक्ता अनुसार सम्बन्धित पेशामा कार्यरत उद्योगी, व्यवसायी, शिल्पी र सफल प्रशिक्षार्थी आदिबाट स्रोत व्यक्तिको व्यवस्था गर्ने ।

(७) तालिमबाट दीक्षित प्रशिक्षार्थीहरूलाई रोजगारी तथा आय आर्जनमा आवद्ध गर्नका लागि सहजीकरण गर्ने।

## ९. तालिमको कार्यक्रम कार्यान्वयन प्रक्रिया :

परिषद्को पाठ्यक्रम अनुसार २० प्रतिशत सैदान्तिक र ८० प्रतिशत प्रयोगात्मक कक्षा सञ्चालन गरिने छ साथै पाठ्यक्रमले निर्धारण गरे अनुसारको कार्यस्थलमा आधारित अभ्यासको व्यवस्था मिलाउनु पर्नेछ ।

तालिम कार्यक्रमको कार्यान्वयन मुख्य गरेर तीन चरणमा विभाजन गरिएको छ ।

(क) तालिमपूर्व (Pre-Training)

(ख) तालिम सञ्चालन (During Training)

(ग) तालिम पश्चात (Post Training)

### ९.१ *तालिमपूर्व चरण) Pre-Training Stage(:*

तालिम सञ्चालन गर्नु पूर्व मुख्य रुपमा तालिम सम्झौतादेखि तालिम सुरुवातसम्मका सम्पूर्ण क्रियाकलापहरु जस्तैः तालिम प्रचार-प्रसार, प्रशिक्षार्थीको छनौट, तालिमस्थल व्यवस्थापन, आवश्यक जनशक्ति

व्यवस्थापन, प्रारम्भिक प्रतिवेदन तयारी, तालिम सञ्चालन योजना निर्माण लगायत देहाय बमोजिमका अन्य कार्यतालिम प्रदायक संस्थाले तयार गर्नुपर्नेछ।

## ९.१.१ विस्तृत कार्य योजना र प्रारम्भिक प्रतिवेदन तयार

तालिम प्रदायक संस्थाले सम्झौता गरेपश्चात् पाठ्यक्रमको आधारमा कार्यक्रम सञ्चालन सम्बन्धी विस्तृत कार्य योजना (Training Implementation Plan), तालिमस्थल, आवश्यक सामग्री र उपकरण, आवश्यक मानव संसाधन (संयोजक, प्रशिक्षक, OJT सुपरीवेक्षेक, कम्पनी प्रशिक्षक आदि), OJT प्रदायक उद्योग/व्यवसायको विवरणसहित प्रारम्भिक प्रतिवेदन **अनुसूची-१** अनुसार १५ दिनभित्र पेस गर्नुपर्नेछ ।

## ९.१.२ तालिमस्थल व्यवस्थापन

तालिम प्रदायक संस्थाले तालिम सञ्चालन गर्नुपूर्व स्वीकृत पाठ्यक्रमले निर्धारण गरे अनुसार सैद्धान्तिक कक्षा र प्रयोगात्मक/अभ्यास गर्ने स्थलमा आवश्यक औजार, उपकरण र सामग्रीको साथै व्यक्तिगत सुरक्षाका उपकरणहरु (Personal Protective Equipment) व्यवस्थापन गर्नुपर्ने छ । तालिमस्थलमा पर्याप्त सुरक्षाका उपाय, आपतकालीन अवस्थाको सुरक्षा (आगलागी, भूकम्प, बाढी आदि) तयारी र अन्य आवश्यक सामग्रीको व्यवस्था गर्नुपर्नेछ । प्रत्येक तालिम केन्द्र/स्थलमा स्वास्थ्य सेवा, वारुण-यन्त्र, एम्बुलेन्स आदि जस्ता अत्यावश्यक सेवा प्राप्त गर्ने फोन नम्बर सबैले देख्ने गरी राख्नुको साथै अग्नि नियन्त्रक (Fire Extinguisher) र प्राथमिक उपचार (First-Aid Kit) को व्यवस्था गरिएको हुनुपर्नेछ ।

उल्लेखित सम्पूर्ण व्यवस्था मिलाएपछि तालिम प्रदायक संस्थाले तालिमस्थल रुजुका लागि औपचारिक रुपमा सम्बन्धित निकायमा अनुरोध गर्नुपर्ने छ । सम्बन्धित निकायले तालिमस्थल रुजू गरी तालिम सञ्चालन अनुमति प्राप्त गरेपश्चात मात्र तालिम सञ्चालन गर्नुपर्नेछ ।

## ९.१.३ मानव संसाधन व्यवस्थापन

तालिम प्रदायक संस्थाले सम्झौता गरेपश्चात् प्रस्तावित कार्यक्रमको आधारमा आवश्यक कर्मचारी तथा विषयगत् प्रशिक्षकहरूको व्यवस्था गर्नुपर्नेछ ।

## ९.१.४ तालिमको आव्हान एवं प्रचार-प्रसारः

तालिम प्रदायक संस्थाले पालिकासँग समन्वय गरी इच्छुक युवालाई तालिममा सहभागी गराउन आवश्यक प्रचार-प्रसार गर्नुपर्ने छ । तालिम सम्बन्धी प्रचार-प्रसारको कार्य संस्थाले सञ्चारका विभिन्न माध्यम जस्तैः एफ.एम. रेडियो, पत्रपत्रिका, पर्चा, पम्प्लेट र व्यक्तिगत तथा स्थानीय सम्पर्क, समूह, संस्था, साथै सामाजिक सञ्जालमार्फत पनि गर्न सक्नेछ । संस्थाले आवेदन फाराम सम्बन्धी सूचना प्रकाशन र प्रसारण गर्दा कम्तीमा तीन किसिमका सञ्चार माध्यम अनिवार्य रुपमा प्रयोग गर्नुपर्नेछ ।

प्रचार-प्रसारका निमित्त तयार पारिएका पर्चा र अन्य सामग्री सबैले सजिलै देख्ने तथा सुन्ने गरी सार्वजनिक गर्नुपर्ने छ । मुख्य गरी स्थानीय पालिका, जिल्ला प्रशासन कार्यालय लगायतका सार्वजनिक निकायहरुमा सूचना टाँस गरी प्रचार-प्रसार गर्नुपर्नेछ ।

तालिम प्रचार-प्रसार गर्दा तालिम प्रदायक संस्थाले स्थानीय सरकारसंग समन्वय गरी लक्षित समुदायलाई अधिकतम सहभागिता गराउनका लागि खान बस्न सुविधा, यातायात खर्च, रोजगारी सहयोगका लागि औजार तथा उपकरणहरुको सहयोग लिन पहल गर्नु पर्नेछ । तालिम प्रचार-प्रसार गर्दा सामाजिक रुपले पछाडि पारिएका समूहको सहभागिता सुनिश्चित गर्न विशेष पहल गर्नुपर्ने छ ।

तालिमका लागि तयार पारिएको प्रचार-प्रसारका सामग्री स्थानीय भाषामा समेत तयार गरी कम्तीमा १५ दिनको म्याद दिई **अनुसूची-२ मा** दिइएको ढाँचा अनुसार सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ । १५ दिनको अवधिमा पर्याप्त मात्रामा आवेदन फाराम संकलन नभएको खण्डमा आवश्यक्तानुसार समय थप गरी पुनः सूचना प्रकाशित गर्नु पर्दछ ।

## ९.१.५ आवेदन संकलन एवं प्रारम्भिक सूची प्रकाशनः

तालिममा समावेश हुन चाहने आवेदकलाई अनुसूची ३ मा दिइएको नमूना बमोजिमको आवेदन फाराम भर्न लगाई तोकिएको मितिभित्र फाराम संकलन गर्नुपर्ने छ । आवेदन फाराम संकलन गर्दा आवश्यक कागजात जस्तैः नागरिकताको प्रतिलिपि, शैक्षिक प्रमाणपत्रको प्रतिलिपि, पाठ्यक्रमले तोकेको अन्य आवश्यक कागजात सुनिश्चित गर्नुपर्ने छ । यसरी फाराम संकलन गर्दा अधिकतम सङ्ख्यामा संकलन गर्नुपर्ने छ जसले गर्दा सही आवेदक छनौट गर्न सहयोग पुग्नेछ । उदाहरणको लागि आवश्यक सङ्ख्याको कम्तीमा ५० प्रतिशत (जस्तैः २० जना तालिम समूहका लागि कम्तीमा ३० जनाको आवेदन फाराम) भन्दा धेरै आवेदन संकलन गर्नुपर्ने छ । यसरी संकलन गरिएका सबै आवेदन फाराम अन्तर्वार्ता हुनुभन्दा पहिले तोकिएको डाटाबेस प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ । संकलन गरिएका फाराम डाटाबेसमा प्रविष्ट गरिसकेपछि आवेदकको प्रारम्भिक सूची प्रकाशित गर्नुपर्नेछ । यसरी सूची प्रकाशित गर्दा अन्तर्वार्ता मिति, स्थान, समय र सम्पर्क व्यक्ति खुलाइ गर्नुपर्नेछ ।

## ९.१.६ पूर्व छनौट अभिमुखीकरण/परामर्शः

अन्तर्वार्ता गर्नुपूर्व तालिम प्रदायक संस्थाले सबै आवेदकलाई कार्यक्रमको परिचय, कार्यान्वयन प्रक्रिया, समयावधि, सेवा सुविधा, कार्यक्रमबाट हुने फाइदा, रोजगारी र वृत्तिपथ एवं प्रशिक्षार्थीले पालना गर्नुपर्ने नियम, कानून र आचार संहिता सम्बन्धमा जानकारी गराउन अभिमुखीकरण/परामर्श कार्यक्रमको आयोजना गर्नुपर्ने छ । यसबाट प्रशिक्षार्थीलाई प्रस्तुत कार्यक्रम आफ्ना लागि उपयुक्त रहे/नरहेको निर्णय लिन र प्रशिक्षण बीचैमा छोड्ने क्रम (Trend) न्यूनीकरण गराउनसमेत सहयोग पुग्नेछ ।

### ९.१.७ सफल आवेदकको अन्तिम नामावली प्रकाशनः

तालिम प्रदायक संस्थाले **अनुसूची-४, ५ र ६** मा दिइएको नमूना अनुसार प्राप्त अङ्कको आधारमा **अनुसूची-७ मा** दिइएको नमूना बमोजिम कूल प्राप्ताङ्कलाई आधार मानी योग्यताक्रम अनुसार प्रशिक्षार्थीको अन्तिम नामावली प्रकाशित गर्नुपर्नेछ । अन्तिम नामावली प्रकाशन गर्दा आवश्यक सङ्ख्याको बढीमा २० प्रतिशत वैकल्पिक सूचीसमेत प्रकाशन गर्नुपर्नेछ । छनौट सूचीमा परेका प्रशिक्षार्थीलाई तालिममा भर्ना हुने म्याद अवगत गराउनुको साथै तालिम सञ्चालन हुने मिति, स्थान र समयबारे सोही दिन जानकारी गराउनु पर्नेछ । मुख्य सूची र वैकल्पिक सूचीबाट मात्र प्रशिक्षार्थीको भर्ना गर्नुपर्नेछ ।

तालिम सञ्चालन हुने स्थलमा सबैले देख्ने गरी तालिमको ब्यानर **अनुसूची-८** मा दिइएको नमूना बमोजिम र तालिम कक्षा भित्र तालिम संक्षिप्त सम्बन्धी जानकारी (Fact Sheet) गराउन **अनुसूची-९** को नमूना बमोजिम राख्नु पर्नेछ ।

### ९.१.८ बीमा सम्बन्धी व्यवस्थाः

तालिम सुरु हुनुअगावै सम्पूर्ण तालिम अवधिभर अनिवार्य रुपमा प्रशिक्षार्थीको प्रचलित कानून बमोजिम सामूहिक दुर्घटना बीमा गराउने दायित्व सम्बन्धित तालिम प्रदायक संस्थाको हुनेछ ।

## ९.२ *तालिम सञ्चालन चरण) **During Training Stage***(:

### ९.२.१ तालिम सञ्चालन प्रक्रिया :

**तालिम सञ्चालन पाठ्यक्रमले तोके अनुसार हुनेछ, सैद्धान्तिक र प्रयोगात्मक कक्षा सञ्चालन गर्दा २० जना प्रशिक्षार्थीका लागि २ जना प्रशिक्षकको व्यवस्था गर्नुपर्नेछ । तालिम सञ्चालन गर्दा पाठ्यक्रमको आधारमा बनाइएको तालिम सञ्चालन योजना अनुसूची-१० बमोजिम समय तालिका निर्माण गरी प्रशिक्षकले सैद्धान्तिक र प्रयोगात्मक कक्षा २०:८० को अनुपातमा सञ्चालन गर्नुपर्नेछ ।**

क) प्रशिक्षार्थी अभिमुखीकरणः

तालिम प्रदायक संस्थाले छनौट भएका प्रशिक्षकलाई कार्यक्रमको पहिलो दिनमा कार्यक्रमको परिचय, कार्यान्वयन प्रक्रिया, समयावधि, तालिम अवधिमा प्रयोग गरिने औजार, उपकरण तथा सामग्रीको हेरचाह, प्रयोग र त्यसको भण्डारण, सेवा सुविधा, कार्यक्रमबाट हुने फाइदा, रोजगारी र वृत्तिपथ एवं प्रशिक्षार्थीले पालना गर्नुपर्ने आचारसंहिता सम्बन्धमा अभिमुखीकरण गराउनु पर्नेछ । पाठ्यक्रमको आधारमा प्रशिक्षण प्रक्रिया सम्बन्धी प्रष्ट रुपमा जानकारी गराउनु पर्नेछ । जस्तैः तालिम केन्द्रमा हुने प्रशिक्षण र उद्योग/व्यवसायमा हुने कार्यगत अभ्यास/प्रशिक्षण, नियमित सिकाइ मूल्याङ्कन, सीप परीक्षण प्रक्रिया आदिबारे जानकारी गराउनु पर्नेछ ।

पाठ्यक्रममा उल्लिखित व्यक्तिगत सुरक्षा उपकरण (Personal Protective Equipment-PPE) का साथै संक्रमण र महामारी रोगबाट व्यक्तिगत रुपमा सुरक्षित हुने उपाय र त्यससँग सम्बन्धित उपकरणका सम्बन्धमा आवश्यक जानकारी एवं प्रयोग बारे पनि अभिमुखीकरण गराउनु पर्नेछ ।

**ख) दैनिक पाठयोजना र लगबुकः**

पाठ्यक्रमले निर्दिष्ट गरेको विषयवस्तु समेट्ने गरी तर्जुमा गरिएको तालिम सञ्चालन योजनाको आधारमा दैनिक पाठयोजना निर्माण गर्नुपर्नेछ । पाठयोजनाले प्रशिक्षकलाई सही मार्गनिर्देशन गर्नेछ भने प्रशिक्षार्थीलाई सिकाइ उद्देश्य प्राप्त गर्न सहयोग पुग्नेछ । प्रशिक्षकले उद्देश्य, विषयवस्तु, प्रशिक्षण सामग्री, प्रशिक्षण विधि र मूल्याङ्कन प्रक्रिया समावेश गरी **अनुसूची-११ मा** दिइएको ढाँचा अनुसार दैनिक पाठयोजना तयार गर्नुपर्नेछ । प्रशिक्षकले दैनिक शिक्षण सिकाइ क्रियाकलाप सम्पन्न पश्चात् **अनुसूची-१२** मा दिइएको नमूना अनुसार दैनिक प्रशिक्षण लगबुक अद्यावधिक गर्नुपर्नेछ ।

**ग) दैनिक हाजिरी व्यवस्थापनः**

प्रशिक्षक र प्रशिक्षार्थीको नियमितता सुनिश्चितता गर्न तालिम प्रदायक संस्थाले **अनुसूची-१३** मा दिइएको नमूना अनुसार प्रशिक्षक र प्रशिक्षार्थीको दैनिक हाजिरी गराउनु पर्नेछ । तालिम अवधिमा ९० प्रतिशत उपस्थित हुन नसकेका प्रशिक्षार्थीलाई सीप परीक्षणमा सहभागी गराइने छैन । उक्त व्यवस्था वैकल्पिक प्रशिक्षार्थीको हकमा समेत लागू हुनेछ । संस्थाले प्रशिक्षक र प्रशिक्षार्थीहरुको हाजिरी तोकिएका निकायबाट प्रमाणित गराउनु पर्नेछ ।

**घ) प्रशिक्षार्थीको यातायात सुविधा वितरणः**

तालिम कार्यक्रम अवधिमा तालिम प्रदायक संस्था वा निकायले उपलब्ध गराएको खाजा सुविधा सम्बन्धित व्यक्तिको उपस्थितिमा वा रोहवरमा तालिम प्रदायक संस्थाले पारदर्शी र नियमित रुममा प्रशिक्षार्थीलाई उपसब्ध गराउनु पर्नेछ । यसरी उपलब्ध गराउदा दैनिक उपस्थितिको आधारमा प्रशिक्षार्थीलाई खाजा सुविधा दिनुपर्नेछ । यातायात सुविधा वितरण गर्दा **अनुसूची-१८** मा दिइएको नमूना प्रयोग गरी सम्बन्धित निकायलाई बुझाउनुको साथै त्यसको अभिलेख राख्नुपर्नेछ ।

***नोटः*** *यातायात साथै अन्य सुविधाको हकमा दातृ निकाय/परियोजना तथा पालिकाको नियमानुसार हुनेछ ।*

**ङ) अनुगमन/आगन्तुक पुस्तिकाः**

तालिम प्रदायक संस्थाले अनुगमन र आगन्तुक पुस्तिका तालिम स्थलमा **अनुसूची-१५** मा दिइएको नमूना अनुसार राख्नुपर्नेछ । सम्बन्धित निकायबाट गरिने अनुगमनका क्रममा तालिममा पाइएका राम्रा पक्ष र सुधार गर्नुपर्ने पक्षबारे अनुगमनकर्तालाई आगन्तुक पुस्तिकामा लेख्न अनुरोध गर्नुपर्नेछ । अनुगमन र आगन्तुक पुस्तिकाले संस्थाको तालिम सञ्चालनको अवस्थाको जानकारी हुनका साथै पछि हुने अनुगमनका लागि पृष्ठपोषण प्रदान गर्नेछ । अनुगमनकर्ताबाट दिइएका सुझाव कार्यान्वयन गर्नु तालिम प्रदायक संस्था र प्रशिक्षकको कर्तव्य एवं दायित्व हुनेछ ।

**च) वैकल्पिक प्रशिक्षार्थी सम्बन्धी व्यवस्थाः**

मुख्य प्रशिक्षार्थी छनौटको अन्तिम नामावली प्रकाशन गर्दा आवश्यक सङ्ख्याको २० प्रतिशत नामावली वैकल्पिक सूचीमा राखी प्रकाशित गर्नुपर्नेछ र सो सूचीमध्येबाट कुनै प्रशिक्षार्थी कुनै कारणबाट तालिम सुरु भएको दिनबाटै अनुपस्थित भएमा तपसील अनुसार व्यवस्थापन गर्न सकिनेछ ।

| **क्र.सं** | **तह** | **प्रतिस्थापन गराउन सकिने अवधि** |
|---|---|---|
| १ | Elementary Level | ३ दिन भित्र |
| २ | तह १ | ७ दिन भित्र |
| ३ | तह २ | ७ दिन भित्र |
| ४ | तह २: व्यावसायिक (Professional) तालिम कार्यक्रमहरू | १५ दिन भित्र |

छ) साझा मोड्युलको कक्षा सञ्चालनः तालिम प्रदायक संस्थाले तालिम सुरु भएको कम्तीमा १५ दिनसम्म साझा मोड्युलको कक्षा सञ्चालन विषय विज्ञद्वारा गराउनु पर्नेछ। त्यसपछिको अवधिमा साझा मोड्युलको कक्षा तालिम योजना अनुसार प्राविधिक कक्षा सँगसँगै सम्बन्धित विषय विज्ञद्वारा सञ्चालन गर्नुपर्नेछ । साझा मोड्युलहरू मध्ये उद्यमशीलता विकास मोड्युललाई अनुभवी विषय विज्ञद्वारा परियोजना लेखन अभ्यास सहित प्रशिक्षण गराउनु पर्नेछ। *(कार्यगत अभ्यास सहितको तालिमका लागि मात्र)*

ज) पेशागत मोड्युलको कक्षा सञ्चालनः पाठ्यक्रमको आधारमा बनाइएको तालिम सञ्चालन योजना अनुसार २ जना प्रशिक्षकले दैनिक पाठयोजना बनाई पेशागत मोड्युलको सैद्धान्तिक र प्रयोगात्मक कक्षा सञ्चालन गर्नुपर्नेछ।

झ) सिकाइ मूल्याङ्कनः पाठ्यक्रमले निर्धारण गरेका कार्य र मोड्युल अनुसार अनिवार्य रुपमा प्रशिक्षार्थीले ज्ञान, सीप, प्रवृति (**Attitude**) र क्षमता हासिल गरेको हुनुपर्नेछ। तालिम केन्द्रमा हुने प्रशिक्षण अवधिमा प्रत्येक १५ दिनमा प्रशिक्षकले प्रशिक्षार्थीलाई सिकाएको कार्य र मोड्युलको ज्ञान, सीप, प्रवृति र क्षमता हासिल गर्न सके र नसकेको अनुसूची- १४ मा दिइएको नमूना अनुसार मूल्याङ्कन गरी सोको अभिलेख राख्नुपर्नेछ ।

ञ) उद्योग/व्यवसाय अवलोकन भ्रमण (**Exposure Visit**)ः तालिमको सुरुवाती चरणमा नै सम्बन्धित पेशाबारे कार्यस्थल/उद्योग र व्यवसायको पूर्ण जानकारी दिन र सो पेशाबाट प्राप्त हुने अवसर एवं चुनौती समेत अवगत् गराउन प्रशिक्षार्थीलाई अवलोकन भ्रमणको व्यवस्था गर्नुपर्ने छ । यस्तो भ्रमणका क्रममा सम्बन्धित पेशाका रोलमोडल उद्योगी व्यवसायी, शिल्पी, सफल प्रशिक्षार्थीसँग भेट हुने भएकाले थप प्रेरणा मिल्ने र यसले तालिम बीचैमा छोड्ने क्रमलाई समेत घटाउन सहयोग गर्नेछ । यस प्रकारको भ्रमणको निरन्तरताले सम्बन्धित विषयको थप ज्ञान, सीप र अनुभव प्राप्त गर्न सहयोग हुनेछ । साथै प्रशिक्षार्थीलाई व्यवसाय सञ्चालन सम्बन्धी जनशक्तिको व्यवस्थापन, कच्चा पदार्थको आपूर्ति, उत्पादित वस्तुको बजारीकरण, लगानीको अवस्था, व्यवसायका चुनौती जस्ता विविध पक्षबारे अनुभव प्राप्त हुनेछ । *(कार्यगत अभ्यास सहितको तालिमका लागि मात्र)*

**ट) कार्यगत अभ्यास/प्रशिक्षण (On-the-Job Training-OJT) योजनाः**

तालिम प्रदायक संस्थाले तालिम संयोजक, प्रशिक्षक, OJT सुपरीवेक्षक र कम्पनी प्रशिक्षकको समन्वयमा **अनुसूची-१७** मा दिइएको नमूना अनुसार कार्यगत अभ्यास र प्रशिक्षणको योजना बनाउन सकिनेछ । उक्त योजना अनुसार प्रशिक्षार्थीको सिकाइमा निखारता ल्याउन काम गर्दै सिक्ने (Learning by doing) सिद्धान्त अनुरुप कार्यगत अभ्यासका लागि प्रशिक्षार्थीलाई सम्बन्धित उद्योग/व्यवसायमा पदस्थापन गराउनु पर्नेछ र सो तालिमको अवधिमा प्रशिक्षकले सहजीकरण र अनुगमनसमेत गर्नुपर्नेछ । प्रशिक्षार्थीलाई कार्यगत तालिम (OJT) प्रदायक उद्योगमा पदस्थापन गर्नुपूर्व तालिम प्रदायक संस्थाले कम्पनी प्रशिक्षकलाई OJT को जानकारी र त्यसको सञ्चालन प्रक्रियाबारे अभिमुखीकरण गराउनु पर्नेछ । कार्यगत अभ्यास र प्रशिक्षणको योजनामा उद्योग/व्यवसाय अनुसार प्रशिक्षार्थी सङ्ख्या, मुख्य सिकाइ हुने सीप, कम्पनी प्रशिक्षक र OJT सुपरीवेक्षकको विवरण समावेश गर्नुपर्नेछ र उक्त योजना तोकिएको डाटाबेस प्रणालीमा समेत प्रविष्ट गर्नुपर्नेछ । ***(कार्यगत अभ्यास सहितको तालिमका लागि मात्र)***

**ठ) कार्यगत अभ्यास/प्रशिक्षणका लागि उद्योग/व्यवसायसँगको समन्वय र सम्झौताः**

तालिम प्रदायक संस्थाले प्राविधिक प्रस्तावनामा उल्लेख गरेको कार्यगत अभ्यास/प्रशिक्षण प्रदायक साझेदार उद्योग/व्यवसायको सूची तोकिएको डाटाबेस प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ । यस सूचीलाई तालिम केन्द्रमा हुने प्रशिक्षण अवधिमा पनि अद्यावधिक गर्न सकिनेछ । सूची तयार गर्दा उद्योग/व्यवसायमा हुने अभ्यास/प्रशिक्षणको अवधिमा प्रशिक्षार्थीको सिकाइको गुणस्तर कायम गर्न, सिकाइको उपयुक्तताको अवलोकन गरी यसका लागि पर्याप्त मात्रामा भौतिक पूर्वाधारको सुनिश्चितता गर्नुपर्नेछ । सूची तयार भइसकेपछि सबै उद्योग/व्यवसायसँग तालिम कार्यक्रम, विशेषता, सञ्चालन विधि (Modality) र अपेक्षा गरिएको उपलब्धिबारे जानकारी गराउँदै छलफल गर्नुपर्नेछ । उद्योग/व्यवसाय छनौटका सबै प्रक्रिया पूरा भएपछि उद्योग/व्यवसायले आफ्नो उद्योगमा राख्न सक्ने प्रशिक्षार्थीको सङ्ख्या र सुपरीवेक्षक उपलब्ध गराउने सम्बन्धमा औपचारिक प्रतिबद्धता उपलब्ध गराउनु पर्नेछ । उपयुक्त सङ्ख्यामा प्रशिक्षार्थी उपलब्ध गराउने उद्योग/व्यवसायको सङ्ख्या र प्रतिबद्धता प्राप्त गरेपछि **अनुसूची- १६** मा दिइएको नमूना अनुसार समझदारी-पत्रमा हस्ताक्षर गर्नुपर्नेछ । ***(कार्यगत अभ्यास सहितको तालिमका लागि मात्र)***

## उद्योग/व्यवसायमा हुने कार्यगत अभ्यास/प्रशिक्षणः

उद्योग/व्यवसायमा हुने कार्यगत अभ्यास/प्रशिक्षणका लागि प्रशिक्षार्थीले पूर्वनिर्धारित कार्यगतयोजना अनुसार तोकिएको उद्योग/व्यवसायमा नै रही प्रशिक्षण लिनुपर्नेछ। कार्यगतअभ्यासको अवधि पाठ्यक्रममा व्यवस्था भए अनुसार हुनेछ । माथि उल्लेख गरिएको

योग्यता र क्षमताको आधारमा प्रशिक्षक मध्येबाट नियुक्त OJT सुपरीवेक्षकले उद्योग/व्यवसायमा हुने प्रशिक्षणको सुपरीवेक्षण गर्नुपर्नेछ । ***(कार्यगत अभ्यास सहितको तालिमका लागि मात्र)*** उद्योग/व्यवसायमा हुने कार्यगतअभ्यास/प्रशिक्षण अवधिमा गर्नुपर्ने मुख्य कार्य देहायानुसार उल्लेख गरिएको छ ।

**क)** *उद्योग/व्यवसायमा हुने कार्यगतअभ्यास/प्रशिक्षणबारे अभिमुखीकरणः*

तालिम केन्द्रमा हुने प्रशिक्षण सम्पन्न भएपश्चात् तालिम प्रदायक संस्थाले उद्योग/व्यवसायमा जानुपूर्व कार्यगतअभ्यास/प्रशिक्षण सम्बन्धी सबै प्रशिक्षार्थीलाई उद्योग/व्यवसायमा गर्नुपर्ने काम, कर्तव्य, आउनसक्ने समस्या तथा चुनौतीबारे अभिमुखीकरण गराउनु पर्नेछ । उक्त अभिमुखीकरण पश्चात् तालिम प्रदायक संस्थाबाट सम्बन्धित उद्योग/व्यवसायमा पठाइएका प्रशिक्षार्थीलाई OJT सुपरीवेक्षकले कम्पनी प्रशिक्षकको सहयोगमा उद्योग/व्यवसायमा हुने काम, कर्तव्य तथा पालना गर्नुपर्ने नियमका साथै उपलब्ध हुने सेवा सुविधा, कामको प्रकृति तथा काम गर्ने वातावरण, कार्यस्थलमा व्यक्तिगत एवं व्यवसायजन्य स्वास्थ्य सुरक्षा, प्रशिक्षण अवधिभर औजार, उपकरण तथा सामग्रीको उपलब्धता र त्यसको प्रयोग, उपयोग, व्यवस्थापन एवं मर्मत-सम्भार सम्बन्धी जानकारी आदिका बारेमा अभिमुखीकरण गराउनु पर्नेछ ।

**ख)** *उद्योग/व्यवसायमा हुने कार्यगत अभ्यास तथा प्रशिक्षण सञ्चालनः*

प्रशिक्षार्थीलाई अभिमुखीकरण गराइसकेपछि कम्पनी प्रशिक्षकले आफ्नो सुपरीवेक्षणमा उद्योग/व्यवसायको उत्पादन प्रणालीमा सहभागी गराउँदै तोकिएको अवधिसम्म कार्यगत अभ्यास/प्रशिक्षण गराउनु पर्नेछ । संस्थाले उद्योगमा प्रशिक्षार्थी पठाउँदा उद्योगको क्षमता र आवश्यक्ता अनुसार वा संस्था र उद्योग/व्यवसायबीचको आपसी समझदारीमा कार्यगत अभ्यास प्रशिक्षणका लागि प्रशिक्षार्थीको सङ्ख्या निर्धारण गर्न सक्नेछ । कार्यगतअभ्यास सञ्चालन गर्न अधिकतम ५ जना प्रशिक्षार्थीको समूहका लागि कम्तीमा १ जना कम्पनी प्रशिक्षकको व्यवस्था गर्नुपर्नेछ । उक्त अवधिमा कम्पनी प्रशिक्षकले प्रशिक्षार्थीलाई दैनिक उत्पादन प्रक्रियामा संलग्न गराइ सिकाइ प्रक्रियालाई सहजीकरण गर्नुको साथै OJT योजना अनुसार सिकाइको सुनिश्चितता गर्नुपर्नेछ । प्रशिक्षार्थीलाई कार्यगत अभ्यास/प्रशिक्षणका लागि उद्योग/व्यवसायमा पठाइसकेपछि OJT को यथार्थ विवरण **अनुसूची-१९** मा दिइएको नमूना अनुसार तोकिएको डाटाबेस प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ ।

**ग)** *दैनिक सिकाइ डायरी व्यवस्थापनः*

कार्यगत अभ्यास/प्रशिक्षण अवधिमा प्रशिक्षार्थीले दैनिक सिकाइ डायरी प्रयोगमा ल्याई दैनिक सिकाइका मुख्य-मुख्य क्रियाकलापको टिपोट गरी अध्यावधिक राख्नुपर्नेछ र साथै सोको सुनिश्चितता कम्पनी प्रशिक्षकले गर्नुपर्नेछ । तालिम प्रदायक संस्थाले सम्बन्धित संस्था वा निकायबाट दैनिक

सिकाइ डायरी प्राप्त गरी प्रशिक्षार्थीलाई उपलब्ध गराउनु पर्नेछ । संस्थाले उक्त डायरीको आधारमा प्रत्येक महिनाको उपस्थिति विवरण (हाजिरी) तोकिएको डाटाबेस प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ । दैनिक सिकाइ डायरीको नमूना **अनुसूची-२०** मा दिइएको छ ।

**घ)** *सिकाइ सामग्री र सुरक्षा व्यवस्थाः*

तालिम प्रदायक संस्थाले कार्यगतअभ्यासको अवधिमा आवश्यक मात्रामा सिकाइ सामग्रीका साथै सुरक्षाका सामग्रीको व्यवस्थापन भएको सुनिश्चितता गर्नुपर्नेछ भने उद्योग/व्यवसायले ती सामग्रीको व्यवस्थापन गर्नुपर्नेछ ।

**ङ)** *कार्यगतअभ्यास र शिक्षण सिकाइ मूल्याङ्कनः*

उद्योग/व्यवसायमा सञ्चालन हुने कार्यगतअभ्यास/प्रशिक्षणको क्रममा सिकाइएका कार्यको OJT सुपरीवेक्षकको सहयोगमा कम्पनी प्रशिक्षकले OJT अवधिमा नियमित रुपले महिनामा एक पटक कार्यसम्पादन मूल्याङ्कन **अनुसूची-२१** मा दिइएको नमूना अनुसार गर्नुपर्नेछ ।

**च)** *सुपरीवेक्षकद्वारा कार्यगतअभ्यास/प्रशिक्षणको नियमित अनुगमनः*

उद्योग/व्यवसायमा हुने कार्यगत अभ्यासको प्रभावकारिता र गुणस्तरीयताका लागि OJT सुपरीवेक्षकले नियमित रुपमा उद्योग/व्यवसायको भ्रमण गरी अनुगमन गर्नुपर्नेछ ।

**छ)** *मासिक OJT समीक्षा सञ्चालनः*

उद्योग/व्यवसायमा हुने कार्यगत अभ्यास/प्रशिक्षणको अवधिमा मासिक रुपमा तालिम प्रदायक संस्थाले तालिम केन्द्र/स्थालमा अन्तरक्रिया र अनुभव आदान-प्रदान कक्षा सञ्चालन गर्नुपर्ने छ । यस अवधिमा तालिम प्रदायक संस्थाले कार्यगत अभ्यास/प्रशिक्षणको क्रममा सिकेका सीप, अनुभव तथा आइपरेका कठिनाईका सम्बन्धमा एक आपसमा ज्ञान/अनुभव आदान प्रदान गरी आवश्यक समाधानका लागि उपयुक्त सुझाव दिनुपर्नेछ ।

**ज)** *सीप परीक्षण तयारी कक्षा सञ्चालनः*

तालिम प्रदायक संस्थाले तालिम अवधिको अन्तिममा सीप परीक्षणका लागि तयारी कक्षा सञ्चालन गर्नुपर्नेछ । उक्त अवधिमा मुख्य गरेर सीप परीक्षणलाई मध्यनजर गर्दै पाठ्यक्रमका आधारमा सिकाइको पुनरावलोकन कक्षा सञ्चालन गर्नुका साथै राष्ट्रिय सीप परीक्षण समिति (National Skill Testing Board — NSTB) ले सञ्चालन गर्ने सीप परीक्षणकै ढाँचामा नमूना सीप परीक्षण (Mock Skill Test) गराउनु पर्नेछ । यसरी सीप परीक्षणको तयारी गर्दा कार्यगत अभ्यास सहितको तालिमका लागि अन्तिम महिनाको १५ दिने सीप परीक्षण तयारी कक्षा सञ्चालनको योजना पाठ्यक्रममा उल्लेखित पाठ्य संरचनाको आधारमा तयार गर्नुपर्नेछ । यस बाहेक अन्य तालिमको हकमा आवश्यकता अनुसार सीप परीक्षण तयारी कक्षा सञ्चालन गर्नुपर्नेछ।

**झ)** *उद्योग/व्यवसाय तथा रोजगारदातासँग समन्वय एवं सम्बन्ध विस्तारः*

तालिम प्रदायक संस्था र संस्थाभित्र रहेको रोजगार पदस्थापन तथा परामर्श एकाइ (PCU) ले प्रशिक्षार्थी छनौट गर्न, रोजगारीमा सहजीकरण गर्न, सम्भावित रोजगारदाताको रोस्टर तयार पार्न, बजारमा देखिएको नयाँ सीप प्रदान गर्न, उद्योग/व्यवसाय तथा रोजगारदातासँग समन्वय एवं सम्बन्ध विस्तार गर्नुपर्नेछ ।

## ९.३ *तालिम पश्चातको चरण)Post Training Stage(*

प्रशिक्षण सम्पन्न भएपश्चात तालिम प्रदायक संस्थाले निम्न कार्य गर्नुपर्नेछ ।

### ९.३.१ तालिम सम्पन्न प्रमाणपत्र वितरणः

तालिम प्रदायक संस्थाले सफलतापूर्वक तालिम पूरा गर्ने प्रशिक्षार्थीलाई तालिम सम्पन्न भएको प्रमाणपत्र दिनुपर्नेछ । सो प्रमाणपत्रको नमूना **अनुसूची-२२** मा दिइएको छ ।

### ९.३.२ सीप परीक्षण व्यवस्थापन **(CTVET द्वारा स्वीकृत सीप परीक्षण हुनसक्ने तहगत पाठ्यक्रमको हकमा)**

तालिम समाप्त भएपश्चात् तालिम प्रदायक संस्थाले सीप परीक्षण आवेदन फाराम राष्ट्रिय सीप परीक्षण समितिमा पेश गर्नुपर्नेछ र सोको विवरण तोकिएको डाटाबेस प्रणालीमासमेत प्रविष्ट गर्नु पर्नेछ । साथै तालिम प्रदायक संस्थाले प्रत्येक प्रशिक्षार्थीलाई वितरण गरेको तालिम सम्पन्न प्रमाणपत्र समेत सीप परीक्षण गर्ने प्रयोजनका लागि सम्बन्धित प्रशिक्षार्थीको विवरणमा प्रविस्ट गर्नुपर्नेछ ।

सीप परीक्षण कार्यलाई सहज बनाउन देहायका कार्य गर्नुपर्नेछ -

(क) NSTB सँग समन्वय गर्ने,

(ख) सीप परीक्षणस्थलको जानकारी लिने,

(ग) सीप परीक्षण सञ्चालनका लागि आवश्यक सामग्रीको व्यवस्थापन गर्ने,

(घ) प्रशिक्षार्थीको उपस्थितिको सुनिश्चितता गर्ने,

(ङ) प्रशिक्षार्थीको नाम नामेसी विवरण रुजू गर्ने,

(च) सीप परीक्षण सम्बन्धी अभिमुखीकरण गर्न सहयोग गर्ने,

(छ) NSTB बाट सीप परीक्षणको मिति, स्थान र समय प्राप्त गरिसकेपछि सम्बन्धित संस्था वा निकायलाई जानकारी गराउने ।

### ९.३.३. रोजगारी पदस्थापनमा सहयोगः

तालिम प्रदायक संस्थाको सम्बन्धित कर्मचारी वा संस्थामा रहेको रोजगार तथा परामर्श इकाइ (PCU) मार्फत तालिम पश्चात् प्रशिक्षार्थीको रोजगारी सुनिश्चिततामा सहयोग गरी सो रोजगारीको विवरण संकलन गरी अभिलेख राख्नुपर्नेछ । सो रोजगारीको विवरण संकलन गर्दा **अनुसूची-२३** मा दिइएको नमूना

अनुसार गर्नुपर्नेछ । त्यसै गरी संस्थाले प्रशिक्षार्थीलाई व्यक्तिगत बायोडाटा विवरण बनाउन, विभिन्न Job Portal मा सम्पर्क गराउन, सम्बन्धित क्षेत्रका विभिन्न रोजगारदातासँग समन्वय गरी रोजगारीका लागि आवश्यक सहयोग गर्ने र उक्त रोजगारीको विवरण कम्तीमा एक वर्षसम्म अद्यावधिक गरी तोकिएको डाटाबेस प्रणालीमा प्रविष्ट गर्नुपर्ने छ ।

## परिच्छेद- पाँच

### १०. तालिम प्रदायक संस्थाको छनौट र सम्झौता

(क) व्यावसायिक सीप तालिम सञ्चालनको लागि वित्तीय स्रोतको सुनिश्चितता भए पछि खरिद समितिले प्रचलित ऐन र नियमावलीको अधीनमा रही सेवा खरिदको प्रक्रिया अगाडि बढाउनु पर्नेछ ।

(ख) सेवा खरिद गर्नको लागि विषय विज्ञहरूबाट प्राविधिक सहायता लिनु पर्ने आवश्यकता ठहरिएमा खरिद समितिले व्यावसायिक सीप विकास तालिम समन्वय समितिको परामर्श तथा निर्णयबाट सशुल्क वा निःशुल्क सेवा लिन सक्नेछ ।

(ग) सेवा खरिदको लागि नेपाल सरकारको सार्वजनिक खरिद ऐन नियमले तय गरेको विधि र प्रक्रियाहरू अवलम्वन गरी सेवा खरिद सम्झौता गर्नुपर्नेछ ।

## परिच्छेद-छ

## ११. विभिन्न निकाय र व्यक्तिको भूमिका तथा जिम्मेवारीः

तालिम कार्यक्रममा विभिन्न व्यक्ति र साझेदार संस्था/निकाय संलग्न रहने हुनाले ती व्यक्ति र संस्था/निकायको भूमिका तथा जिम्मेवारी तपसिल अनुसार उल्लेख गरिएको छ।

### ११.१ *प्रशिक्षार्थीको भूमिका तथा जिम्मेवारीः*

तालिम कार्यक्रमको अवधिमा प्रशिक्षार्थीले निम्न कुराको पालना गरी आफ्नो जिम्मेवारी वहन गर्नुपर्ने छ -

(१) तालिम अवधिभर नियमितरुपमा (कम्तीमा ९० प्रतिशत) रुजू हाजिर भई सहभागी हुने,
(२) तालिम प्रदायक संस्था तथा उद्योग/व्यवसायले तयार गरेको आचारसंहिताको पूर्णरुपमा पालना गर्ने । *(कार्यगत अभ्यासको व्यवस्था भएकोमा मात्र)*
(३) प्रशिक्षण तथा सिकाइ प्रक्रियामा सक्रिय रही दिइएको कार्य समयमा नै सम्पादन गर्ने,
(४) उद्योग/व्यवसायको उत्पादन कार्यमा सक्रिय रुपमा सहभागी भई आवश्यक ज्ञान र सीप आर्जन गर्ने *(कार्यगत अभ्यासको व्यवस्था भएकोमा मात्र),*
(५) OJT अवधिभर सिकाइ डायरीको नियमित रुपमा प्रयोग गर्ने *(कार्यगत अभ्यासको व्यवस्था भएकोमा मात्र),*
(६) व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा सामग्रीको प्रयोग र पालना गर्ने,
(७) कार्यसम्पादन मूल्याङ्कन र सीप परीक्षण प्रक्रियामा सहभागी हुने,
(८) प्रशिक्षणको क्रममा अनुपस्थित हुनुपर्ने भएमा लिखित रूपमा पूर्वजानकारी गराउने, र
(९) तालिमका सबै क्रियाकलापमा अनुशासित भई सक्रिय सहभागी हुने ।

### ११.२ *प्रशिक्षकको भूमिका तथा जिम्मेवारीः*

तालिम कार्यक्रमको प्रशिक्षण कार्यमा प्रशिक्षकको जिम्मेवारी निम्नानुसार हुनेछ -

(१) पाठ्यक्रममा व्यवस्था भए बमोजिम सैद्धान्तिक तथा प्रयोगात्मक कक्षा सञ्चालन गर्ने,
(२) व्यक्तिगत् सुरक्षा तथा स्वास्थ्य सम्बन्धी मापदण्ड पूर्ण रुपमा पालना गर्न लगाइ तालिम कक्षा सञ्चालन गर्ने,
(३) एक समूहमा अधिकतम २० जना प्रशिक्षार्थी समावेश गरी सबैले सिक्ने समान अवसर सुनिश्चित गर्ने,
(४) पाठ्यक्रम अनुसार सबै सीपको अभ्यास गराइ तोकिएको अवधि (दिन र घण्टा) मा तालिम सम्पन्न गर्ने,

(५) प्रशिक्षार्थी हाजिरी, दैनिक पाठयोजना, प्रशिक्षक लगबुक र समयतालिका तयार गरी तालिम सञ्चालन गर्ने,

(६) प्रशिक्षार्थीलाई पाठ्यक्रम, पाठ्यसामग्री तथा अन्य शैक्षिक सामग्री उपलब्ध गराउने,

(७) तालिम सञ्चालन अवधिमा पाठ्यक्रम अनुसार प्रशिक्षार्थीको सिकाइ उपलब्धी परीक्षण गरी आवश्यक पृष्ठपोषण प्रदान गर्ने,

(८) तालिमको समयमा प्रत्येक प्रशिक्षार्थीलाई छुट्टाछुट्टै प्रयोगात्मक अभ्यास गर्न लगाउने,

(९) पाठ्यक्रम अनुसार प्रशिक्षार्थीको सिकाइ उपलब्धि परीक्षण गरी आवश्यकता अनुसार पृष्ठपोषण दिने,

(१०) प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप सम्पादन गरी प्रशिक्षार्थीहरूलाई तालिमप्रति आकर्षित गर्ने,

(११) तालिम बीचमै छोड्ने क्रम (trend)लाई न्यूनीकरण गर्न प्रशिक्षार्थीहरूलाई वृति परामर्शको कक्षा सञ्चालन गर्ने, र

(१२) प्रशिक्षार्थीको सिकाइ उपलब्धी मूल्याङ्कन निरन्तर र आवधिकरुपमा गर्ने ।

### ११.३ *तालिम संयोजक भूमिका तथा जिम्मेवारीः*

तालिम कार्यक्रम संयोजकको जिम्मेवारी निम्नानुसार हुनेछ -

(१) तालिमको योजना, कार्यान्वयन र अनुगमन गर्ने,

(२) तोकिएको डाटाबेस प्रणाली अध्यावधिक गर्ने,

(३) उद्योग/व्यवसायसंग समन्वय तथा सम्बन्ध विस्तार गरी OJT को व्यवस्थापन गर्ने,

(४) तलिम सुरु भएको एक हप्ता भित्र प्रशिक्षार्थीहरूका विवरण तोकिएको डाटाबेस प्रणालीमा प्रविष्ट गर्ने,

(५) आवश्यक्ता अनुसार प्रतिवेदन तयार गर्ने,

(६) रोजगारी सहजीकरणका लागि स्थानीय रोजगारदातासँग समन्वय र सम्बन्ध कायम गर्ने,

(७) सम्बन्धित पालिका लगायत विभिन्न निकायसँग समन्वय तथा सम्बन्ध विस्तार गर्ने,

(८) प्रशिक्षार्थीलाई आवश्यक परामर्श सल्लाह सेवा दिने,

(९) गुनासो सुनुवाइ व्यवस्थापन सम्बन्धी फोकल व्यक्तिका रुपमा कार्य गर्ने ।

### ११.४ *तालिम प्रदायक संस्थाको भूमिका तथा जिम्मेवारीः*

तालिम कार्यक्रमको तीन वटै चरणमा तालिम प्रदायक संस्थाको निम्नानुसार भूमिका र जिम्मेवारी हुनेछ ।

### ११.४.१ तालिमपूर्वको जिम्मेवारीः

(१) तालिम सञ्चालन गर्नका लागि विस्तृत क्रियाकलाप योजनासहितको प्रारम्भिक प्रतिवेदन समन्धित् संस्था वा निकायमा पेस गर्नुपर्ने,
(२) रोजगार पदस्थापन, परामर्श तथा अनुगमन एकाइको (PCU) स्थापना गर्ने,
(३) तालिम सम्बन्धी आवश्यक प्रचार-प्रसार तथा सामाजिक बजारीकरण गर्ने,
(४) तालिम सञ्चालनका लागि तालिम योजना बनाइ दरखास्त आह्वान गर्ने,
(५) तालिम सञ्चालनका लागि उपयुक्त तालिमस्थलको व्यवस्थापन गर्ने,
(६) तालिमका लागि लक्षित समूहबाट प्रशिक्षार्थीको छनौट गर्ने,
(७) तालिम सञ्चालन गर्दा आवश्यक पर्ने औजार, उपकरण, मेसिन तथा अन्य सामग्री व्यवस्था गर्ने,
(८) कर्मचारी र प्रशिक्षकको नियुक्ति गर्ने,
(९) प्रशिक्षार्थी र प्रशिक्षकलाई तालिम कार्यक्रमको अभिमुखीकरण गर्ने,
(१०) प्रशिक्षार्थीका लागि तालिम आचारसंहिता तयार गर्ने,
(११) स्थानीय सरकार र उद्योग/व्यवसायसँग आवश्यक समन्वय गर्ने,
(१२) तालिम सञ्चालनपूर्वका सम्पूर्ण सूचना तथा तथ्यांक तोकिएको डाटाबेस प्रणालीमा नियमितरुपमा प्रविष्ट गर्ने ।

### ११.४.२ तालिम सञ्चालन अवधिको जिम्मेवारीः

**(क) तालिम केन्द्रमा हुने प्रशिक्षण अन्तर्गत गर्नुपर्ने मुख्य क्रियाकलापः**

(१) विस्तृत तालिम योजना र तालिमको गुणस्तर मापदण्ड अनुसार तालिमको व्यवस्थापन र सञ्चालन गर्ने,
(२) तालिम सुरु भएको १५ दिनभित्र तालिम सुरुवाती (commencement) प्रतिवेदन सम्बन्धित निकायमा पेस गर्ने, (कार्यगत अभ्यास सहितको तालिममा मात्र)
(३) तालिम सञ्चालन गर्दा व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा अनुकूल वातावरण सिर्जना गर्ने,
(४) सम्झौतामा व्यवस्था भए अनुसार प्रशिक्षार्थीलाई यातायात खर्च उपलब्ध गराउने,
(५) प्रशिक्षार्थीको व्यक्तिगत् कार्यसम्पादन मूल्याङ्कनको अभिलेख व्यवस्थित गर्ने,
(६) सम्बन्धित सबै सरोकारवालाबाट हुने अनुगमन तथा सुपरीवेक्षण कार्यमा सहयोग गर्ने,
(७) कार्यगत अभ्यास/प्रशिक्षण कार्यान्वयनको लागि सम्बन्धित उद्योग र व्यवसायसँग समन्वय एवं सम्बन्ध विस्तार गर्ने, (कार्यगत अभ्यास सहितको तालिममा मात्र)
(८) कार्यगत अभ्यास/प्रशिक्षण (OJT) को विस्तृत योजना कम्पनी प्रशिक्षकको सहयोगमा तयार गर्ने, (कार्यगत अभ्यास सहितको तालिममा मात्र)

*(९)* कार्यगत अभ्यास अवधिमा गरिने नियमित समन्वय, अनुगमन तथा सुपरीवेक्षण कार्यका लागि OJT सुपरीवेक्षकको व्यवस्था गर्ने, *(कार्यगत अभ्यास सहितको तालिममा मात्र)*

*(१०)* कार्यगत अभ्यास/प्रशिक्षणका लागि **अनुसूची-१६** मा दिइएको नमूना अनुसार त्रिपक्षीय समझदारीपत्र तयार गरी हस्ताक्षर गर्ने, (*कार्यगत अभ्यास सहितको तालिममा मात्र)*

(११) प्रशिक्षार्थीको सामुहिक दुर्घटना बीमा गर्ने,

*(१२)* कार्यगत अभ्यासको अभिमुखीकरण कक्षा सञ्चालन गर्ने, *(कार्यगत अभ्यास सहितको तालिममा मात्र)*

(१३) तालिम केन्द्रमा हुने प्रशिक्षण सम्पन्न भए पश्चात् सम्झौता अनुसार तालिम प्रगति प्रतिवेदन पेस गर्ने,

(१४) तालिम सम्बन्धी सम्पूर्ण सूचना तथा तथ्यांक तोकिएको डाटाबेस प्रणालीमा नियमित रुपमा प्रविष्ट गर्ने गराउने, र

(१५) प्रत्येक प्रशिक्षार्थीलाई बैंकमा खाता खोल्न लगाइ हरेक महिनाको यातायात खर्च बैंकमा पठाउने ।

***(ख)* उद्योग/व्यवसायमा हुने प्रशिक्षण अन्तर्गत गर्नुपर्ने मुख्य क्रियाकलापः *(कार्यगत अभ्यास सहितको तालिममा मात्र)***

(१) कार्यगत अभ्यासको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक भूमिका निर्वाह गर्ने,

(२) राष्ट्रिय सीप परीक्षण समितिसँग समन्वय गर्ने,

(३) कार्यगतअभ्यास र प्रशिक्षण सकिए पश्चात् तालिम प्रगति प्रतिवेदन पेस गर्ने,

(४) सुपरीवेक्षकले कार्यगतअभ्यासको नियमित अनुगमन गरी आवश्यक सल्लाह तथा सुझाव दिने,

(५) कार्यगतअभ्यास/प्रशिक्षण सम्बन्धी सम्पूर्ण सूचना तथा तथ्यांक तोकिएको डाटाबेस प्रणालीमा नियमित रुपमा प्रविष्ट गर्ने गराउने ।

### ११.४.३ तालिम पश्चात् जिम्मेवारीः

(१) राष्ट्रिय सीप परीक्षण समितिसँग समन्वय गरी सीप परीक्षणको व्यवस्था मिलाउने(सीप परीक्षण हुने तालिमको हकमा),

(२) प्रशिक्षार्थीलाई रोजगारीका लागि सहजीकरण गर्न सम्भावित रोजगारदातासँग सम्पर्क र समन्वय गर्ने,

(३) सम्बन्धित निकायमा तालिम सम्पन्न प्रतिवेदन पेस गर्ने,

(४) प्रशिक्षार्थीलाई तालिम सम्पन्नताको प्रमाणपत्र र सीप परीक्षणको प्रमाणपत्र वितरण गर्ने,

(५) तालिम पश्चात् प्रशिक्षार्थीको रोजगारी विवरण र सीप परीक्षण सम्बन्धी विवरण तोकिएको डाटाबेसमा अद्यावधिक गर्ने,

(६) कार्यक्रमको Tracer Study लगायत विभिन्न अनुगमन तथा अध्ययन कार्यमा आवश्यक सहयोग गर्ने ।

**११.५ उद्योग/व्यवसायको भूमिका र जिम्मेवारी (कार्यगत अभ्यास सहितको तालिममा मात्र):**

तालिम प्रदायक संस्थासँग समझदारी गरेका उद्योग/व्यवसायको तालिम सञ्चालन एवं गुणस्तर कायम गर्न महत्वपूर्ण भूमिका र जिम्मेवारी हुन्छ । उद्योग/व्यवसायले तालिमको गुणस्तर कायम गर्नका लागि निम्न कार्य गर्नुपर्नेछ -

(१) उद्योग/व्यवसायले आफ्नो उत्पादन प्रक्रियासँग सम्बन्धित पेशा र प्रशिक्षण गराउन सक्ने क्षमताको आधारमा प्रशिक्षार्थीको माग गरी तालिम तथा रोजगार प्रदायक संस्थासँग समझदारी-पत्रमा हस्ताक्षर गर्ने,

(२) तालिम प्रदायक संस्थासँग गरिएको समझदारी-पत्रमा उल्लेख भएका सर्तको पालना गर्ने,

(३) प्रशिक्षार्थीलाई उद्योग/व्यवसायको काम गर्ने वातावरण, नीति नियम, आचारसंहिता आदिबारे अभिमुखीकरण गर्ने,

(४) विस्तृत OJT योजना तयार गर्न तालिम प्रदायक संस्थालाई सहयोग गर्ने,

(५) तालिम सम्बन्धी आवश्यक प्रचार-प्रसार तथा सामाजिक बजारीकरणमा तालिम प्रदायक संस्थालाई सहयोग गर्ने,

(६) प्रशिक्षार्थी छनौटमा तालिम प्रदायक संस्थालाई सहयोग गर्ने,

(७) प्रशिक्षार्थीको कार्यगत अभ्यास/प्रशिक्षणका लागि आवश्यक कम्पनी प्रशिक्षक तोक्ने,

(८) कम्पनी प्रशिक्षकको क्षमता अभिवृद्धि गर्नका लागि सम्बन्धित तालिममा पठाउने,

(९) प्रशिक्षार्थीलाई आफ्नो उत्पादन प्रक्रियामा सहभागी गराउँदै कार्यगतअभ्यास गराउने,

(१०) कार्यस्थलमा पेशागत् व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षाको प्रबन्ध गर्नुका साथै सिकाइको उचित वातावरण तयार गर्ने,

(११) तालिम प्रदायक संस्थालाई पाठ्यक्रमले तोकेका बाहेक अन्य सीपको सूची तयार गरी उपलब्ध गराउने,

(१२) प्रशिक्षार्थीको कार्यसम्पादन मूल्याङ्कनका क्रममा निजको सिकाइ, प्रगति, अनुशासन, व्यवहार जस्ता पक्षमा तालिम प्रदायक संस्थासँग छलफल गरी सुधारका लागि सहयोग गर्ने,

(१३) तालिम सम्बद्ध निकायलाई कार्यक्रमको अनुगमन, सुपरीवेक्षण र मूल्याङ्कनमा सहयोग पुर्याउने, र

(१४) प्रशिक्षार्थीलाई सम्बन्धित रोजगारीमा जानका लागि सहयोग गर्ने ।

**११.६ औद्योगिक महासंघ/संघको भूमिका र जिम्मेवारी:**

तालिम कार्यक्रमको कार्यान्वयन अवधिमा उद्योग/व्यवसायसँग समन्वय कायम गर्न सम्बन्धित पेशागत संघ/महासंघको निम्नानुसार भूमिका र जिम्मेवारी हुनेछ -

(१) कार्यगत अभ्यास सञ्चालनमा सहयोग गर्न सदस्य उद्योग/व्यवसायलाई उत्प्रेरित गराउने,
(२) तालिम कार्यान्वयनको प्रभावकारिताका लागि उद्योग/व्यवसायलाई CTEVT र तालिम प्रदायक संस्थासँग सम्पर्क तथा समन्वय गर्न सहजीकरण गर्ने,
(३) संयुक्त अनुगमन क्रियाकलापमा सहभागी हुने,
(४) पाठ्यक्रम विकास तथा आवधिक परिमार्जनका लागि CTEVT लाई आवश्यक र उपयुक्त पेशागत् सूचना उपलब्ध गराउने,
(५) तालिम कार्यान्वयन अवधिमा संलग्न विभिन्न सरोकारवालाबाट आएका विवाद एवं गुनासाको उचित व्यवस्थापनका लागि सहयोग गर्ने,
(६) तालिमको गुणस्तरीयताको सुनिश्चितताका लागि सहयोग गर्ने,
(७) तालिमको आवश्यक्ता पहिचान, मानव संसाधन योजना, व्यवसायजन्य स्वास्थ्य सुरक्षा तथा अन्य क्षमता अभिवृद्धिका साथै प्रशिक्षार्थीको रोजगारी सहजीकरणका लागि समन्वय गर्ने, र
(८) सीप परीक्षण कार्यका लागि NSTB र अन्य निकायलाई सहयोग गर्ने ।

## ११.७ *सीटीईभीटीको भूमिका र जिम्मेवारीः*

यस तालिम कार्यक्रममा CTEVT को भूमिका र जिम्मेवारी निम्नानुसार हुनेछ -
(१) पाठ्यक्रम विकास तथा आवधिक परिमार्जन गर्ने,
(२) प्रशिक्षण म्यानुअल, निर्देशिका तथा सिकाइ सामग्री आवश्यक्ता अनुसार तयार गर्ने,
(३) तालिमको गुणस्तर सुनिश्चितताका लागि विभिन्न तहमा अनुगमन तथा सुपरीवेक्षण गर्ने,
(४) सीप परीक्षण तथा प्रमाणीकरण गर्ने,
(५) दैनिक सिकाइ डायरी विकास तथा आवधिक परिमार्जन, र छापाइ गर्ने, र
(६) तालिम सम्बन्धी समय सापेक्ष नीति नियम तर्जुमा र संशोधन गर्ने ।

## ११.८ *पालिकाको भूमिका र जिम्मेवारीः*

(१) सम्झौतामा उल्लेख भए अनुसारको किस्तामा रकम उपलब्ध गराउने,
(२) CTEVT बाट स्वीकृत म्यानुअल, पाठयक्रम पुस्तिका, निर्देशिका तथा अन्य तालिम सम्बन्धी सामग्रीहरु उपलब्ध गराउने,
(३) प्रशिक्षार्थी छनौट प्रक्रियामा सहजीकरण गर्ने,
(४) तालिम कार्यक्रममा संलग्न साझेदार संस्था तथा सरोकारवाला निकायको क्षमता अभिवृद्धि कार्यक्रम आयोजना एवं सहजीकरण गर्ने,
(५) तालिम गुणस्तरीयता सुनिश्चितताका लागि विभिन्न तहमा अनुगमन तथा सुपरिवेक्षण सम्पादन तथा सहजीकरण गर्ने,

(६) डाटाबेस प्रणालीमा प्रविष्ट गरेको सूचना तथ्याङ्कहरुलाई रुजू एवं प्रमाणित गर्ने,(डाटाबेस प्रणाली उपलब्ध भएको खण्डमा)

(७) सीप परीक्षण तथा रोजगारी पदस्थापन सहजीकरणका लागि समन्वय गर्ने,

(८) बजार मागमा आधारित नयाँ प्रविधिको सीप तथा वृत्ति परामर्शका लागि सहयोग गर्ने,

(९) डाटाबेस प्रणालीको विकास गरी सोको सञ्चालन सम्बन्धी क्षमता अभिवृद्धि गरी तालिम सम्बन्धी तथ्याङ्कहरुको व्यवस्थापन गर्ने,

(१०) कार्यक्रमको आवधिक पुनरावलोकन, आन्तरिक मूल्याङ्कन तथा सिकाइ आदान-प्रदान कार्यकम सञ्चालन गर्ने,

(११) दीक्षित प्रशिक्षार्थीहरूको रोजगारीको अवस्था यकिन गर्न Tracer Study गराउने र/वा Tracer Study मा सहयोग गर्ने ।

## १२. प्रतिवेदन लेखनः

कार्यक्रम सञ्चालन अवधिभर तालिम प्रदायक संस्थाले आवश्यक्ता अनुसार तोकिएको अवधिमा उपलब्ध प्रतिवेदन नमूनामा प्रतिवेदन तयार गरी सम्बन्धित संस्था वा निकायमा पेश गर्नुपर्नेछ । उक्त प्रतिवेदन तयार गर्नुपूर्व संस्थाले तोकिएको डाटाबेस प्रणालीमा कार्यक्रमको प्रगति एवं उपलब्धिको सम्पूर्ण सूचना तथा जानकारी प्रविष्ट गर्नुपर्ने छ । तयार गरिएको प्रतिवेदनको आधारमा सम्बन्धित संस्था वा निकायमा भुक्तानीको लागि पेश गर्नुपर्नेछ ।

*तालिम कार्यक्रमका लागि प्रतिवेदन लेखनको ढाँचा निम्नानुसार हुनेछ । यो ढाँचा सम्बन्धित कार्यालय वा निकाय वा परियोजना अनुसार फरक पनि हुन सक्नेछ ।*

(क) प्रारम्भिक प्रतिवेदन (Inception Report)ः कार्यक्रम सम्झौता गरेपछि तालिम सुरु गर्नुपूर्व तोकिएको समय सीमाभित्र तालिम प्रदायक संस्थाले सम्बन्धित संस्था वा निकायमा तोकिएको ढाँचा वा फाराममा तयार गरी पेश गर्नुपर्नेछ । प्रारम्भिक प्रतिवेदन लेखनका लागि **अनुसूची १** मा नमूना दिइएको छ ।

(ख) तालिम सुरुवाती प्रतिवेदन (Commencement Report)ः तालिम केन्द्रमा हुने प्रशिक्षण सुरु भएको निश्चित अवधिमा तालिम प्रदायक संस्थाले सम्बन्धित कार्यालय वा निकायमा तोकिएको ढाँचा वा फाराममा तयार गरी पेश गर्नुपर्नेछ । तालिम सुरुवाती प्रतिवेदन लेखनका लागि **अनुसूची-२४** मा नमूना दिइएको छ ।

(ग) प्रगति प्रतिवेदन (Progress Report) तालिम केन्द्र र उद्योग/व्यवसायमा हुने दुवै प्रशिक्षणको अवधिमा तालिम प्रदायक संस्थाले तोकिएको ढाँचा वा फाराम प्रयोग गरी निश्चित समय सीमाभित्र सम्बन्धित कार्यालय वा निकायमा पेश गर्नुपर्नेछ । तालिम प्रगति प्रतिवेदन लेखनका लागि **अनुसूची २-५** (तालिम केन्द्रमा हुने प्रशिक्षणको प्रगति) र **अनुसूची-२६** (कार्यगत अभ्यास/प्रशिक्षणको प्रगति) मा नमूना दिइएको छ ।

(घ) तालिम कार्यक्रम सम्पन्न प्रतिवेदन (Training Completion Report) प्रशिक्षार्थीको सीप परीक्षण नतिजा सहितको तालिम कार्यक्रम सम्पन्न भएको प्रतिवेदन **अनुसूची-२७ मा** दिइएको नमूना बमोजिम तालिम प्रदायक संस्थाले निश्चित समय सीमाभित्र सम्बन्धित कार्यालय वा निकायमा पेश गर्नुपर्नेछ ।

# परिच्छेद-सात

## १३. तालिमको अनुगमन तथा मूल्याङ्कन संयन्त्र

सामान्यतयः तालिम कार्यक्रम कार्यान्वयन चरणमा तालिमको प्रभावकारिता र गुणस्तरीयताका लागि दुई तहबाट अनुगमन गरिनेछ ।

### १३.१ *तालिम प्रदायक संस्थाबाट हुने आन्तरिक अनुगमनः*

तालिम प्रदायक संस्थाको प्रमुख जिम्मेवारी तालिम अवधिभर तालिम कार्यक्रमको गुणस्तरीयता र प्रभावकारिता कायम गर्नु हो । तालिम प्रदायक संस्थाले आफ्नो अनुगमनकर्ताबाट अनिवार्य रुपमा नियमित अनुगमन गराउनु पर्नेछ । प्रशिक्षण सुरु भएदेखि प्रशिक्षार्थीको रोजगारीमा सहजीकरणसम्मको अनुगमन कार्यलाई निरन्तरता दिनुपर्नेछ ।

संस्थाको अनुगमनकर्ताले तालिमको अनुगमन गर्दा प्राविधिक मापदण्डको अवस्था, प्रशिक्षार्थी र प्रशिक्षकहरूको नियमितता, औजार, उपकरण र मेसिनको उपलब्धता र प्रयोग, तालिमस्थलको वातावरण, कार्य र मोड्युलको कार्यसम्पादन मूल्याङ्कन, तालिम स्थलमा आवश्यक तालिम सामग्रीको उपलब्धताको सहजता आदिको बारेमा अनुगमन गर्नुपर्नेछ ।

तालिम प्रदायक संस्थाको अनुगमनकर्ता/सुपरीवेक्षकले **अनुसूची-२८** मा दिइएको नमूना बमोजिम तालिम कार्यक्रमको आन्तरिक अनुगमन गर्न सक्नेछ र सोही अनुगमनको प्रतिवेदनले तालिमको गुणस्तरीयता र प्रभावकारिता सम्बन्धी सुधार गर्नुपर्ने सिफारिस गरेको अवस्थामा तालिम प्रदायक संस्थाको व्यवस्थापन पक्षसँग आवश्यक सल्लाह एवं परामर्श गरी तत्काल सुधार गर्नुपर्नेछ ।

### १३.२ *सम्बन्धित निकायहरुबाट हुने अनुगमनः*

सम्बन्धित पालिका, परियोजना सहयोग एकाइ (PSU), परियोजना समन्वय तथा कार्यान्वयन एकाइ-संघीय (PCIU-F) वा अन्य निकाय( ENSSURE परियोजनाबाट सञ्चालन हुने व्यावसायिक/कार्यगत अभ्यास सहितको तालिमकोहकमा) बाट तालिम प्रदायक संस्थाले कार्यान्वयन गरेको तालिमको अनुगमन संयुक्त रुपमा वा एकल अनुगमन गर्न सकिनेछ । कार्यक्रम वा परियोजनाको आवश्यक्ता अनुसार संयुक्त अनुगमन टोलीमा २ वा सो भन्दा धेरै निकायबाट प्रतिनिधित्व हुने गरी टोलीको निर्माण गर्न सकिनेछ ।

सम्बन्धित कार्यालय वा निकायले अनुगमन योजना बनाइ सोही बमोजिम अनुगमनकर्ताद्वारा विभिन्न चरणमा तालिम कार्यक्रमको अनुगमन गरिनेछ ।

सामान्यतया तालिम कार्यक्रमको प्रभावकारिता र गुणस्तरीयता सुनिश्चितताका लागि तालिमको तीनै चरणमा तपसील अनुसार अनुगमन गर्न सकिनेछ ।

| **क्र.सं** | **तह** | **अवधि** | |
|---|---|---|---|
| १ | Elementary Level | ३ पटक | तालिमको अवधि अनुसार तथा आवश्यकतानुसार थपघट गर्न सिकिने |
| २ | तह १ | ४ पटक | तालिमपूर्व तयारी १ पटक, तालिम सञ्चालन अवधिमा २ पटक, सीप परीक्षणको अवधिमा १ पटक तथा आवश्यकतानुसार थपघट गर्न सिकिने |
| ३ | तह २ | ४ पटक | तालिमपूर्व तयारी १ पटक, तालिम सञ्चालन अवधिमा २ पटक, सीप परीक्षणको अवधिमा १ पटक तथा आवश्यकतानुसार थपघट गर्न सिकिने |
| ४ | तह २ (व्यावसायिक/कार्यगत अभ्यास सहितको तालिम) | ७ पटक | (क) तालिमपूर्व गरिने अनुगमन र तालिमस्थल रुजू, तालिम व्यवस्थापन र प्रशिक्षार्थी छनौटः **१ पटक**<br>(ख) तालिम केन्द्रमा हुने प्रशिक्षणको अवधिमा गरिने अनुगमनः **२ पटक**<br>(ग) उद्योगमा हुने प्रशिक्षणको अवधिमा गरिने अनुगमनः **२ पटक** (कार्यगत अभ्यास सहितको तालिममा मात्र)<br>(घ) सीप परीक्षण तयारी कक्षा सञ्चालन अवधिमा गरिने अनुगमनः **१ पटक**<br>(ङ) सीप परीक्षणको अवधिमा गरिने अनुगमनः **१ पटक** |

# परिच्छेद-आठ

## १४. डाटाबेस प्रणाली र भुक्तानी प्रक्रिया

### १४.१ *डाटाबेस प्रणाली* (उपलब्ध भएको खण्डमा)

सम्बन्धित संस्था वा निकाय वा परियोजनाले तालिम प्रदायक संस्थालाई कार्यक्रम र डाटाबेस प्रणाली सम्बन्धी अभिमुखीकरण गरेपश्चात् ती संस्थाले तोकिएको अनलाइन डाटाबेस (Online Database) प्रणालीमा आवश्यक सूचना तोकिएको समयभित्र प्रविष्ट गर्नुपर्नेछ । तालिम प्रदायक संस्थाले बुझाउने प्रतिवेदन, प्रशिक्षार्थीको हाजिरी अद्यावधिक गर्ने कार्य, कार्यक्रम खर्च एवं प्रशिक्षार्थी यातायात खर्च माग गर्ने जस्ता कार्य डाटाबेससँग सम्बन्धित भएकाले डाटाबेसको सञ्चालन तथा व्यवस्थापन गर्नुपर्ने छ । तालिम कार्यक्रम सञ्चालन अवधिभर विभिन्न चरणमा प्रशिक्षार्थीको जानकारी, उद्योगको जानकारी, सीप परीक्षणको जानकारी, रोजगारीको विवरण एवं तालिम कार्यक्रमसँग सम्बन्धित अन्य सूचना तथा तथ्यांक तोकिएको समयमा अनलाइन डाटाबेसमा प्रविष्ट गर्नुपर्नेछ ।

### १४.२ *तालिमको भुक्तानी प्रक्रिया*

तालिम कार्यक्रम सम्बन्धित संस्था वा निकाय वा परियोजनाबीच तालिम प्रदायक संस्थालाई दिने भुक्तानी विधि फरक-फरक हुन सक्नेछ तसर्थ भुक्तानी प्रक्रिया सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

## १५. तालिम मान्य नहुने अवस्था

(क) अनुगमनको लागि तोकिएका आधिकारीक व्यक्तिबाट तालिमको विभिन्न चरणहरू (पूर्वतयारी, तालिम सञ्चालन र तालिम पश्चात) तालिमको व्यवस्थापकीय पक्षहरू र शिक्षण सिकाइ क्रियाकलापहरूको तोकिएको मापदण्ड अनुरूप नभएमा तालिम मान्य हुने छैन । यदि तालिम प्रदायक संस्थाले सुधारका लागि समय माग गरेमा तालिम अनुगमन तथा ~~नतिजा प्रमाणीकरण~~ मूल्याङ्कन समितिले आवश्यकता हेरी सुधारका लागि थप समयावधि तोक्न सक्नेछ ।

(ख) तालिम मान्य नहुने अवस्थामा तालिम प्रदायक संस्थालाई सम्झौता बमोजिमको रकम उपलव्ध गराउन पालिका बाध्य हुने छैन ।

## १६. समन्वय, सहकार्य र साझेदारीता

यस कार्यविधिमा प्रावधान गरिएको उद्देश्य पूरा गर्न पालिकाले एक आपसमा सहमत भएका विषयहरूमा आवश्यकता अनुसार संघीय सरकार, प्रदेश सरकार, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, दातृ निकाय, अन्य सरकारी, गैरसरकारी र निजी स्तरका संघ संस्थाहरूसंग सम्पर्क, समन्वय, सहकार्य र साझेदारी गर्न सक्नेछ ।

## १७. सीप तालिम सम्वन्धी तथ्याङ्कको अभिलेखीकरण

सरकारी र गैरसरकारी संघ संस्थाहरूबाट यस नगर क्षेत्रभित्र सञ्चालन गरिने सीप विकासका तालिमहरूको विवरण र दीक्षित प्रशिक्षार्थीहरूको वैयक्तिक विवरण/तथ्याङ्क रोजगार शाखामा अभिलेखीकरण गर्नुपर्नेछ ।

## १८. प्रचलित कानुन वमोजिम हुने

यस कार्यविधिमा उल्लेख नभएका विषय वा यस कार्यविधिमा गरिएको व्यवस्था प्रचलित कानुनसँग बाझिन आएमा प्रचलित कानुन बमोजिम हुनेछ ।

## १९. अनुसूचीमा हेरफेर गर्न सक्ने

यस कार्यविधिको अनुसूचीहरू सीप विकास तालिम समन्वय समितिको सिफारिसमा कार्यपालिकाले हेरफेर वा थपघट गर्न सक्नेछ ।

## २०. बाधा अड्काउ फुकाउन सक्ने

यस कार्यविधि मा उल्लेखित विषयमा कुनै द्विविधा उत्पन्न भएमा वा कार्यान्वयनको क्रममा बाधा अड्काउ परेमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन वा व्याख्या गर्न सक्नेछ ।

## अनुसूची १ : तालिम सञ्चालन प्रारम्भिक प्रतिवेदन नमूना

(दफा ९.१.१ संग सम्बन्धित)

**तालिम सञ्चालन प्रारम्भिक (Inception) प्रतिवेदन**

**तालिमको विषय/पेशाः**

**सम्झौता अनुसार प्रशिक्षार्थी संख्याः**

**<u>प्रतिवेदन पेश गरिएकोः</u>**

पालिकाको नाम **.....**

पालिकाको ठेगाना**.....**

**<u>प्रतिवेदन पेश गर्ने :</u>**

तालिम प्रदायक संस्थाको नाम **.....**

ठेगाना **.....,**

फोन नं **:.....**

इमेल **:.....**

..... (महिना, वर्ष)

तालिम प्रदायक  संस्थाको लोगो र  नाम.....

*छाप(पत्र चलानी गरेपछि)*

मिति:

**विषय : तालिम सञ्चालन प्रारम्भिक प्रतिवेदन पेश गरिएको बारे ।**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू

पालिकाको नाम .....

पालिकाको ठेगाना .....

उपर्युक्त सम्बन्धमा त्यस पालिका र यस तालिम प्रदायक संस्था बीच भएको सम्झौता  अनुसार .....पेशा/विषयमा .....जनाको लागि  तालिम सञ्चालन गर्ने सूचना जारी भइसकेको जानकारी गराउंदै तोकिएको ढाँचामा तालिम सञ्चालन सम्बन्धी विस्तृत कार्ययोजना सहितको विवरण यसै साथ संलग्न राखी तालिम सञ्चालन प्रारम्भिक प्रतिवेदन तहाँ पेश गरिएको ब्यहोरा अनुरोध छ।

हस्ताक्षर (तालिम प्रदायक संस्थाका प्रमुख).....

नाम (तालिम प्रदायक संस्थाका प्रमुख).....

पद (तालिम प्रदायक संस्थाका प्रमुख).....

छाप (तालिम प्रदायक संस्थाका प्रमुख)

**(१)सामान्य परिचय (संस्थाको संछिप्त परिचय)**

**(२)कार्यक्रमको उद्देश्य(तालिमको उद्देश्य)**

**(३)अपेक्षित परिणाम/उपलब्धि**

**(४)तालिम कार्यक्रमको जानकारी**

| | |
|---|---|
| तालिम प्रदायक संस्थाको नाम : | |
| सम्पर्क व्यक्ति | नाम :<br>पद :<br>मोबाइल नम्बर :<br>इमेल : |
| तालिमको विषय (पेशा)को नाम : | |
| तालिम अवधि : | ..... घण्टा |
| तालिम आवहान गरिएको मिति : | |
| **प्रशिक्षार्थी** छनौट मिति : | |
| तालिम संयोजक : | नाम :<br>शैक्षिक योग्यता :<br>कार्य अनुभव बर्ष : |

**१. तालिम स्थल अनुसार प्रशिक्षार्थीहरूको प्रस्तावित संख्या**

| क्र.स. | तालिम स्थल | प्रस्तावित तालिम सुरु मिति | प्रस्तावित संख्या | पुरुष | महिला | DAG | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| **जम्मा** | | | | | | | |

२. प्रशिक्षक/ सुपरिवेक्षकको प्रस्तावित सूची

| तालिम स्थल | प्रशिक्षक/ सुपरिवेक्षकको नाम | योग्यता | अनुभव | प्रशिक्षक प्रशिक्षण तालिम (ToT) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | प्रशिक्षक |
| | | | | | OJT सुपरीवेक्षक |
| | | | | | |
| | | | | | |

(नोटः कृपया डाटाबेसबाट प्रतिवेदन उत्पन्न गर्नुहोस् र यहाँ राख्नुहोस्)

३. प्रस्तावित OJT प्रशिक्षक (कार्यगत अभ्यास सहितको तालिमका लागि मात्र)

| तालिम स्थल | उद्योगको नाम | स्थान | OJT लागि प्रस्तावित संख्या | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

(नोटः कृपया डाटाबेसबाट प्रतिवेदन उत्पन्न गर्नुहोस् र यहाँ राख्नुहोला)

## ४. तालिम कार्यान्वयन योजना

| सि.नं | |
|---|---|
| व्याच आइ.डि | |
| तालिम स्थल | |
| पेशा | |
| प्रशिक्षार्थीको प्रस्तावित संख्या | |
| प्रशिक्षक १ | |
| प्रशिक्षक २ | |
| तालिम संयोजक | |
| सम्पर्क नंवर | |
| दरखास्त आवहान मिति | |
| अभिमुखीकरण मिति | |
| अन्तर्वार्ता मिति | |
| तालिम केन्द्रमा आधारित तालिम सुरू हुने मिति | |
| तालिम केन्द्रमा आधारित तालिम सम्पन्न हुने मिति | |
| कार्यगत अभ्यास तालिम सुरू हुने मिति | |
| कार्यगत अभ्यास तालिम सम्पन्न हुने मिति | |
| सीप परीक्षण तयारी कक्षा सुरू हुने मिति | |
| सीप परीक्षण तयारी कक्षा सकिने अन्तिम मिति | |
| तालिम सम्पन्न हुने मिति | |
| सीप परीक्षणको मिति | |
| तालिम पूरा हुने मिति | |
| तालिम सम्मपन्नताको प्रतिवेदन पेश हुने मिति | |

**(नोटः कृपया डाटाबेसबाट प्रतिवेदन उत्पन्न गर्नुहोस् र यहाँ राख्नुहोला)**

## ५. तालिम कार्यक्रमको विस्तृत कार्ययोजना :

| क्र.सं | क्रियाकलाप | हप्ता/महिना, वर्ष २०..... | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ... | ..... |
| १ | समाजिक बजारीकरण तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | | | | | | | | | | | | |
| २ | प्रारम्भिक प्रतिवेदन पेश गर्ने | | | | | | | | | | | | |
| ३ | तालिम संयोजक तथा तालिम प्रशिक्षकहरु नियुक्त गर्ने | | | | | | | | | | | | |
| ४ | तालिम स्थल व्यवस्थापन गर्ने | | | | | | | | | | | | |
| ५ | आवेदन फारम भर्न लगाउने | | | | | | | | | | | | |
| ६ | छनौट समिति गठन गर्ने | | | | | | | | | | | | |
| ७ | आवेदकहरुको छोटो सूची प्रकाशित गर्ने | | | | | | | | | | | | |
| ८ | अन्तिम छनौटका लागि अन्तर्वार्ता लिने | | | | | | | | | | | | |
| ९ | प्रशिक्षार्थीहरुको अन्तिम छनौट सूची प्रकाशित गर्ने | | | | | | | | | | | | |
| १० | तालिम केन्द्रमा आधारित तालिमको सुरुवात गर्ने | | | | | | | | | | | | |
| ११ | तालिम केन्द्रमा आधारित तालिम कार्यक्रम सम्पन्न प्रतिवेदन पेश गर्ने | | | | | | | | | | | | |
| १२ | OJT स्थलहरुमा पुनः भ्रमण गर्ने | | | | | | | | | | | | |
| १३ | प्रगति प्रतिवेदन पेश गर्ने | | | | | | | | | | | | |
| १४ | OJT योजना अद्यावधिक गर्ने | | | | | | | | | | | | |
| १५ | OJTअभिमुखीकरण सञ्चालन गर्ने | | | | | | | | | | | | |
| १६ | OJT का लागि उद्योगहरुमा पठाउने | | | | | | | | | | | | |
| १७ | उद्योगमा प्लेस्मेन्ट योजनाको समीक्षा गर्ने | | | | | | | | | | | | |
| १८ | रोजगारदाताहरुको रोस्टर अद्यावधिक गर्ने | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १९ | प्रशिक्षार्थीहरुलाई पुनःतालिम केन्द्रमा ल्याउने/फर्काउने | | | | | | | | | | | | |
| २० | सीप परीक्षणको लागि फारमहरू भर्ने | | | | | | | | | | | | |
| २१ | तालिम केन्द्रमा सीप परीक्षण सम्बन्धी Mock कक्षा प्रदान गर्ने | | | | | | | | | | | | |
| २२ | प्रशिक्षार्थीहरुको सीप परीक्षण गराउने | | | | | | | | | | | | |
| २३ | प्रशिक्षार्थीहरुलाई रोजगारीमा पठाउने | | | | | | | | | | | | |
| २४ | तालिम कार्यक्रम सम्पन्न प्रतिवेदन पेश गर्ने | | | | | | | | | | | | |
| २५ | कार्यक्रमहरुको अनुगमन गर्ने | | | | | | | | | | | | |
| २६ | अन्तिम प्रतिवेदन पेश गर्ने | | | | | | | | | | | | |
| २७ | ..... | | | | | | | | | | | | |

**(नोटः आवश्यकतानुसार क्रियाकलापहरु थप गर्न सकिनेछ ।)**

**अनुसूची २ : विज्ञापन फाराम**

(दफा ९.१.४ संग सम्बन्धित)

## ..... तह ..... को निःशुल्क तालिमको अवसर

.....पालिका/परियोजनाबाट निःशुल्क सञ्चालन गरिने तालिम कार्यक्रम अन्तर्गत ..... (..... घण्टा तह १) पेशा/विषयमा ..... जना प्रशिक्षार्थीका लागि भर्नाको अवसर खुलेको छ । तालिम अवधिमा प्रशिक्षार्थीहरुलाई यातायात खर्च उपलब्ध गराइनेछ । यस तालिम कार्यक्रममा महिला, विषेश अवस्थाका व्यक्ति तथा विपन्न एवं पछाडि पारिएका समूहलाई प्राथमिकता दिइनेछ।

निम्न योग्यता भएका इच्छुक नेपाली नागरिकबाट तल उल्लेखित स्थानमा मिति ..... सम्म फोटो, नागरिकताको प्रतिलिपि तथा शैक्षिक योग्यता सम्बन्धी कागजपत्रको प्रतिलिपि सहित दरखास्त आवहान गरिन्छ ।

**न्यूनतम आवश्यक योग्यताः**

- १६ वर्ष पूरा भएको Nepali नागरिक हुनुपर्ने
- पाठ्यक्रमले तोके बमोजिम शैक्षिक योग्यता भएको हुनुपर्ने,
- पेशागत कार्य प्रकृतिको आधारमा काम गर्न सक्ने हुनुपर्ने,
- सम्बन्धित विषयमा पहिले तालिम नलिएकोलाई प्रथामिकता दिइने ।

**थप जानकारीको लागि**

तालिम प्रदायक संस्थाको नामः.....

तालिम हुने स्थलः .....

आवेदन फारम पाइने स्थानः .....

सम्पर्क व्यक्तिः .....

सम्पर्क नंः.....

**अनुसूची ३ : तालिम आवेदन फाराम**

(~~बुदाँ नं~~ दफा ९.१.५ संग सम्बन्धित)

पासपोर्ट साइजको फोटो

तालिम प्रदायक संस्थाको नामः

ठेगानाः

**प्रशिक्षार्थी आवेदन फाराम (२०.....)**

दर्ता नंः .....

**१. तालिम लिन चाहेको विषय (पेशा)को नामः**.....

**२. आवेदकको व्यक्तिगत जानकारीः**

**नाम**

**(देवनागरिमा)**:.....

....

**नाम (अंग्रेजी ठूलो अक्षरमा):**.....

**नागरिकता नंः**..... **जारी मितिः**..... **जारी जिल्लाः**.....

**लिङ्गः** म☐ा पुरु☐ अ☐ **जन्म मितिः** सालः.....

महिनाः.....गतेः.....

आमाको नामः

========== बाबुको

नामः ==========

**३. वैवाहिक अवस्थाः** ☐ अविवाहित ☐ विवाहित ☐ छुट्टिएको ☐ पारपाचुके ☐विदुर/विधवा

**४. जातिगत समूहः** ☐ ब्राम्हण/क्षेत्री/ठकुरी/दशनार्मी☐ जनजाति ☐ दलित ☐ मधेसी ☐ धार्मिक अल्पसंख्यक

**५. भौगोलिक प्रतिनिधित्वः** ☐ हिमाल/पहाड ☐ तराइ/मधेश

६. **जातः**..... (आफ्नो जात/जाति लेख्नुहोस, जस्तैः राइ, लिम्बू, शेर्पा, गुरुङ, नेवार, यादव, आदि)

७. **विषेश अवस्थाः** ☐ छैन ☐ एचआइभि संक्रमित ☐ अपाङ्गता ☐ द्वन्दपीडित ☐ बाढी/भूकम्प पीडित ☐ मुक्त कमैया ☐ मुक्त कमलरी ☐ मुक्त हलिया ☐ सुकुम्वासी

८. **विशेष अवस्था सम्बन्धी आधिकारिक कागजात** ☐ छ ☐ छैन

९. **तपाई किन यास कार्यक्रममा सहभागी हुन् चाहनुहुन्छ ?**

☐ नयाँ सीप सिकेर रोजगारीमा जानको लागि ☐ भएको सीपलाई तिखार्न र बनाउन
☐ फुर्सदको समयलाई सदुपयोग गर्न ☐ वैदेशिक रोजगारीमा जान
☐ अन्य

भएः.....

१०. **शैक्षिक विवरणको लागि तलको उपर्युक्त कोठामा (√) चिन्ह लगाउनुहोस ।**

☐ साक्षार ☐ एस.एल.सी./एस.इ.इ. उत्तीर्ण
☐ कक्षा ८ उत्तीर्ण ☐ +२ /प्रमाणपत्र तह उत्तीर्ण
☐ स्नातक तह वा सो भन्दा माथि

११. **तपाइले यो तालिमको बारेमा कसरी जानकारी पाउनुभयो ?**

☐ पत्रपत्रिका ☐ पोष्टर/पम्प्लेट ☐ एफ.एम. रेडियो
☐ तालिम दिने सँस्था ☐ फेसबुक/वेवसाइट ☐ स्थानीय कार्यालयहरु
☐ आफन्त साथीहरु ☐ विभिन्न संघ/संस्थाहरु ☐ अन्यः.....

१२. **तपाइले यो भन्दा पहिले कुनै सीप सम्बन्धी तालिम लिएको भए**

| तालिमको नाम | पेशा/विषय र ट्रेड | तालिम अवधि |
|---|---|---|
| १. | | |
| २. | | |

१३. **हालको रोजगारीको अवस्थाः** रोजगार (तलव/आंशिक/ज्यालादारी) स्वरोजगार वेरोजगार **यदि रोजगारीमा भए;**

रोजगारदाताको नामः..... अवधिः..... (महिना/वर्ष) मासिक औसत आम्दानी रू.....

१४. **आर्थिक स्थितिः**

परिवार सदस्य सङ्ख्या..... परिवारको वार्षिक कूल आम्दानी (सबै स्रोतबाट) रू.....

वार्षिक आम्दानी अनुसार तलको औसत आम्दानीमा (√) चिन्ह लगाउनुहोस

- ☐ पारिवारिक वार्षिक औसत आम्दानी रू. १,६०,०००/- भन्दा कम
- ☐ पारिवारिक वार्षिक औसत आम्दानी रू. १,६०,०००/- देखि ३,६०,०००/- सम्म
- ☐ पारिवारिक वार्षिक औसत आम्दानी रू. ३,६०,०००/- देखि ५,००,०००/- सम्म
- ☐ पारिवारिक वार्षिक औसत आम्दानी रू. ५,००,०००/- देखि ७,००,०००/- सम्म
- ☐ पारिवारिक वार्षिक औसत आम्दानी रू. ७,००,०००/- भन्दा धेरै

**यस फाराममा उल्लेखित सबै विवरण साँचो हो, झुट्टा ठहरिएमा प्रशिक्षणको लागि अयोग्य ठहरिनेछु ।**

आवेदकको हस्ताक्षरः .....दरखास्त फाराम रुजू गर्नेको

हस्ताक्षरः.....

फाराम भरेको मितिः.....

## अनुसूची ४ : प्रशिक्षार्थी छनौट मूल्याङ्कन आधार

(दफा ९.१.७ संग सम्बन्धित)

| क्र सं | मूल्याङ्कनका आधार | अधिकतम अङ्क | |
|---|---|---|---|
| १ | सामाजिक/ जातिगत वर्ग (८) | महिला/तेश्रो लिङ्गीः दलित (पहाड र तराई), पूर्व कमैया<br>पुरुषः दलित, पूर्व कमैया<br>पुरुष/महिला/तेश्रो लिङ्गीः एच.आई,भि. संक्रमित र अपाङ्गता भएका | ८ |
| | | महिलाः विभेदमा पारिएको नेवार जाति, जनजाति (नेवार र थकाली बाहेक), मधेशी-तराई जातिगत समूह, अन्य जातिगत/धार्मिक अल्पसङ्ख्यक | ७ |
| | | महिलाः ब्राह्मण/क्षेत्री/ठकुरी (पहाड र तराई), थकाली र नेवार | ६ |
| | | पुरुषः विभेदमा पारिएको नेवार जाति, जनजाति (नेवार र थकाली बाहेक), तराई-मधेसी जातिगत समूह, अन्य जातिगत/धार्मिक अल्पसङ्ख्यक | ४ |
| | | पुरुषः ब्राह्मण/क्षेत्री/ठकुरी (पहाड र तराई), थकाली र नेवार | ३ |
| २ | लैङ्गिक वर्ग (२) | महिला/तेस्रो लिङ्गी | २ |
| | | पुरुष | १ |
| ३ | आयस्तर (८) | पारिवारिक वार्षिक औसत आम्दानी रु. १,५०,०००/- भन्दा कम | ८ |
| | | पारिवारिक वार्षिक औसत आम्दानी रु. १,५०,०००/- देखि २,५०,०००/- सम्म | ७ |
| | | पारिवारिक वार्षिक औसत आम्दानी रु. २,५०,०००/- देखि ३,५०,०००/- सम्म | ६ |
| | | पारिवारिक वार्षिक औसत आम्दानी रु. ३,५०,०००/- देखि ४,५०,०००/- सम्म | ५ |
| | | पारिवारिक वार्षिक औसत आम्दानी रु. ४,५०,०००/- भन्दा धेरै | ४ |
| ४ | शैक्षिक योग्यता (८) | साक्षर | ७ |
| | | कक्षा ८ उत्तीर्ण | ८ |
| | | एस.एल.सि./एस.ई.ई. | ६ |
| | | +२/प्रमाणपत्र तह उत्तीर्ण | ४ |

| क्र सं | मूल्याङ्कनका आधार | अधिकतम अङ्क | |
|---|---|---|---|
| | | स्नातक तह वा सो भन्दा माथि | ३ |
| ५ | भौगोलिक अङ्क (४) | मानव विकास सूचकाङ्क न्यून रहेको जिल्लाका युवाहरु | ४ |
| | | मानव विकास सूचकाङ्क न्यून रहेको जिल्ला बाहेकका युवाहरु | २ |
| ७ | अन्तरवार्ता (२०) | इच्छा/तालिम पूरा गर्ने प्रतिवद्धता | ५ |
| | | सान्दर्भिकता | ५ |
| | | तालिम पश्चात् रोजगारीको योजना | ५ |
| | | आत्म विश्वास एवं उद्यमशीलता | ५ |
| | | **जम्मा** | **५०** |

## अनुसूची ५ : प्रशिक्षार्थीको आवेदन मूल्याङ्कन प्राप्ताङ्क फाराम

(दफा ९.१.७ संग सम्बन्धित)

तालिम प्रदायक संस्थाको नामः..... तालिम स्थलः.....

तालिमको विषय(पेशा)को नामः.....व्याच समूहः.....

प्रस्तावित तालिम सुरु हुने मितिः.....OJT सुरु हुने मितिः..... तालिम सम्पन्न हुने मितिः.....

प्रशिक्षकको नामः..... योग्यताः..... फोन नं.:.....

प्रशिक्षकको नामः..... योग्यताः..... फोन नं.:.....

तालिम संयोजकको नामः..... योग्यताः..... फोन नं.:.....

| क्र.सं. | आवेदकको नाम | सामाजिक/ जातिगत वर्ग (८) | लैङ्गिक वर्ग (२) | आयस्तर (८) | शैक्षिक योग्यता (८) | भौगोलिक अङ्क (४) | जम्मा प्राप्ताङ्क (३०) |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## अनुसूची ६ : प्रशिक्षार्थीको अन्तर्वार्ता प्राप्ताङ्क फाराम

(दफा ९.१.७ संग सम्बन्धित)

तालिम प्रदायक संस्थाको नामः..... तालिम स्थलः.....

तालिमको विषय(पेशा)को नामः.....व्याच समूहः.....

प्रस्तावित तालिम सुरु हुने मितिः..... OJT सुरु हुने मितिः.....तालिम सम्पन्न हुने मितिः.....

प्रशिक्षकको नामः..... योग्यताः..... फोन नं.:.....

प्रशिक्षकको नामः..... योग्यताः..... फोन नं.:.....

तालिम संयोजकको नामः..... योग्यताः..... फोन नं.:.....

| क्र.सं. | आवेदकको नाम | इच्छा/तालिम पूरा गर्ने प्रतिवद्धता (५) | सान्दर्भिकता (५) | आत्म विश्वास एवं उद्यमशीलता (५) | तालिम पश्चात् रोजगारीको योजना (५) | जम्मा प्राप्ताङ्क (२०) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## अनुसूची ७ : प्रशिक्षार्थीको अन्तिम नामावली सूची प्रकाशन फाराम

(दफा ९.१.७ संग सम्बन्धित)

तालिम प्रदायक संस्थाको नामः.....

तालिम स्थलः.....

तालिमको विषय(पेशा)को नामः.....

व्याच/समूहः.....

प्रस्तावित तालिम सुरु हुने मितिः..... OJT सुरु हुने मितिः .....

तालिम सम्पन्न हुने मितिः.....

प्रशिक्षकको नामः..... योग्यताः..... फोन नं.:.....

प्रशिक्षकको नामः..... योग्यताः..... फोन नं.:.....

तालिम संयोजकको नामः..... योग्यताः..... फोन नं.:.....

| क्र.सं. | आवेदकको नाम | प्रशिक्षार्थीको आवेदन मूल्याङ्कन प्राप्ताङ्क-३० (अनुसूची ६) | अन्तरवार्ताबाट प्राप्त औसत प्राप्ताङ्क-२० (अनुसूची ७) | जम्मा प्राप्ताङ्क (५०) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची ८ : तालिम सम्बन्धी ब्यानरको नमूना

(दफा ९.१.७ संग सम्बन्धित)

**तालिमको विषय(पेशा)को नामः**

**तालिम अवधिः** **तालिम हुने स्थानः**

**तालिम सुरु हुने मितिः** **तालिम सम्पन्न हुने मितिः**

**तालिम प्रदायक संस्थाको नामः**

| **Banner size: 3'X5'** |
|---|

**ख्याल राख्नुपर्ने कुराहरू**

- ब्यानरको साईज कम्तीमा पनि चौडाइ ३ फिट र लम्बाइ ५ फिट हुनुपर्नेछ ।
- ब्यानरमा शीर्षक लागि जम्मा १० प्रतिशत ठाउँ मात्र ओगटेको हुनुपर्छ ।
- ब्यानरमा तालिम सम्बन्धी जानकारीले ७० प्रतिशत ठाउँ ओगटेको हुनुपर्छ ।
- नेपाल सरकारका साथै सम्बन्धित संघ/संस्था वा दातृ संस्थाको लोगाले २० प्रतिशत भाग ओगटेको हुनुपर्छ ।
- तालिम स्थानमा आवतजावत गर्नेले प्रस्ट देख्ने गरी ब्यानर अनिवार्य टाँसेको हुनुपर्छ ।
- विभिन्न परियोजना, संघ/संस्थाको आवश्यकता अनुसार ब्यानरको व्यहोरा तथा संस्थागत/परियोजनाको लोगो परिवर्तन गर्न सकिनेछ ।

## अनुसूची ९ : तालिम सम्बन्धी जानकारी पत्रको नमूना

(दफा ९.१.७ संग सम्बन्धित)

### तालिम सम्बन्धी जानकारी-पत्र (Fact Sheet)

| | |
|---|---|
| तालिम प्रदायक संस्थाको नाम | |
| तालिमको विषय(पेशा)को नाम | |
| पेशागत सीप मापदण्ड | तह ..... (राष्ट्रिय सीप परीक्षण समिति/ सिटिईभिटीद्वारा प्रमाणित) |
| तालिम अवधि | ..... |
| तालिम पाठ्यक्रम संरचना | २०% सैद्धान्तिक ज्ञान र ८०% प्रयोगात्मक सीपको साथै साझा मोड्युलको ज्ञान । |
| तालिम सञ्चालन | तालिम केन्द्रमा प्रशिक्षण सुरू मितिः.....<br>कार्यगत अभ्यास (OJT) सुरू हुने मितिः.....<br>तालिम हुने सम्पन्न मितिः..... |
| तालिम हुने स्थान | |
| तालिम हुने समय | ..... देखि ..... सम्म |
| प्रशिक्षार्थी सङ्ख्या | ..... जना (महिलाः....., पुरुषः.....): (जनजातिः..... दलितः..... अन्यः.....) |
| तालिमको उद्देश्य | (पाठ्यक्रममा उल्लेख भए अनुसार लेख्ने.....) |
| कार्यगत अभ्यासका लागि साझेदार उद्योग/व्यवसाय सङ्ख्या | ..... |
| लक्षित समूह | • १६ वर्ष पूरा भएको नेपाली नागरिक,<br>• दलित, अपाङ्ग, एकल महिला, कमलर/कमलरी, तेश्रो लिङ्गीः एच.आई,भि.संक्रमित, लोपोन्मुख, अति सीमान्तकृत जनजाति, सीमान्तकृत जनजाति र मधेसी महिला तथा पुरुष,<br>• वैदेशिक रोजगारीबाट फर्केका बेरोजगार युवाहरु,<br>• पेशागत कार्य प्रकृतिको आधारमा काम गर्न सक्ने र अन्य गरीब युवाहरु |
| प्रतिव्यक्ति तालिम खर्च | रू..... |
| अपेक्षा | तालिम पश्चात प्रशिक्षार्थिले दिगो तथा सम्मानित रोजगारी प्राप्त गर्नेछ । |
| तालिम तथा रोजगार प्रदायक संस्थाको जिम्मेवारी | • तालिम केन्द्रमा हुने प्रशिक्षण र उद्योग/व्यवसायमा कार्यगत अभ्यास सञ्चालन गर्ने,<br>• मासिक रुपमा खाजा रकम उपलब्ध गराउने,<br>• तालिम सकिएपछि राष्ट्रिय सीप परीक्षण समितिबाट लिइने सीप परीक्षण सहभागी गराउने,<br>• तालिम लिइसकेपछि रोजगारीका लागि सहजीकरण गर्ने । |
| टोल फ्री नम्बर | ..... |

**Fact Sheet size: 2.5'X4.5'**

## अनुसूची १० : तालिम सञ्चालन योजनाको नमूना

(दफा ९.२.१ संग सम्बन्धित)

तालिम प्रदायक संस्थाको नामः.....

तालिम स्थलः.....

तालिमको विषय(पेशाको) नामः.....

व्याच/समूहः.....

तालिम सुरु हुने मितिः..... OJT सुरु हुने मितिः.....

तालिम सम्पन्न हुने मितिः.....

प्रशिक्षकको नामः..... योग्यताः..... फोन नं.:.....

प्रशिक्षकको नामः..... योग्यताः..... फोन नं.:.....

तालिम संयोजकको नामः..... योग्यताः..... फोन नं.:.....

| क्र.सं. | मोड्युल/सब-मोड्युलको नाम | समय | | प्रशिक्षण मिति र दिन | | |
|---|---|---|---|---|---|---|
| | | सैद्धान्तिक | प्रयोगात्मक | देखि | सम्म | दिन |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## अनुसूची ११ : दैनिक शिक्षण पाठयोजनाको नमूना

(दफा ९.२.१ को (ख) संग सम्बन्धित)

**दैनिक शिक्षण पाठयोजना (Lesson Plan)**

तालिम प्रदायक संस्थाको नामः..... तालिम स्थलः.....

तालिमको विषय(पेशाको)नामः..... व्याच/समूहः.....

प्रशिक्षार्थी सङ्ख्याः..... (महिलाः..... पुरुषः.....)

तालिम सुरु मितिः..... OJT सुरु हुने मितिः.....तालिम सम्पन्न हुने मितिः.....

प्रशिक्षकको नामः..... योग्यताः..... फोन नं.:.....

प्रशिक्षकको नामः..... योग्यताः..... फोन नं.:.....

तालिम संयोजकको नामः..... योग्यताः..... फोन नं.:.....

| क्र.सं. | मिति | मोड्युल/सब-मोड्युलको नाम | उद्देश्य | प्रशिक्षण समय (घण्टा) | | प्रशिक्षण सामग्री | अपेक्षित उपलब्धि | प्रशिक्षकको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| | | | | सै. | प्र. | | | |
| | | | | | | | | |

## अनुसूची १२ : दैनिक प्रशिक्षण लगबुकको

(~~बुदाँ नं~~ दफा ९.२.१ को (ख) संग सम्बन्धित)

### दैनिक प्रशिक्षण लगबुक (Teaching Logbook)

तालिम प्रदायक संस्थाको नामः..... तालिम स्थलः.....

तालिमको विषय(पेशाको)नामः..... व्याच/समूहः.....

प्रशिक्षार्थी सङ्ख्याः..... (महिलाः..... पुरुषः.....)

तालिम सुरु मितिः..... .OJT सुरु हुने मितिः.....तालिम सम्पन्न हुने मितिः.....

प्रशिक्षकको नामः..... योग्यताः..... फोन नं.:.....

प्रशिक्षकको नामः..... योग्यताः..... फोन नं.:.....

तालिम संयोजकको नामः..... योग्यताः..... फोन नं.:.....

| क्र.सं. | मिति | उपस्थित प्रशिक्षार्थी सं. | मोड्युल/सब-मोड्युलको नाम | समय (घण्टा) | | सम्पादित सीपको उपलब्धि (Performed skill/task) | प्रशिक्षकको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|
| | | | | सैद्धान्तिक | प्रयोगात्मक | | |
| | | | | | | | |

## अनुसूची १३ : प्रशिक्षक र प्रशिक्षार्थीको दैनिक हाजिरी फारामको नमूना

(दफा ९.२.१ को (ग) संग सम्बन्धित)

### प्रशिक्षक र प्रशिक्षार्थीको दैनिक हाजिरी फाराम

तालिम प्रदायक संस्थाको नामः..... तालिम स्थलः.....

तालिमको विषय(पेशाको)नामः..... व्याच/ समूहः.....

प्रशिक्षार्थी सङ्ख्याः..... (महिलाः..... पुरुषः.....)

तालिम सुरु मितिः..... OJT सुरु हुने मितिः..... तालिम सम्पन्न हुने मितिः.....

प्रशिक्षकको नामः..... योग्यताः..... फोन नं.:.....

प्रशिक्षकको नामः..... योग्यताः..... फोन नं.:.....

| क्र.सं. | प्रशिक्षार्थीको नाम | मितिः .....साल.....महिना र हस्ताक्षर | | | | | | | जम्मा हाजिरी दिन | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | .....गते | .....गते | .....गते | .....गते | .....गते | .....गते | .....गते | यस हप्ता | पहिलेको जम्मा | हालसम्मको जम्मा |
| | | .....बार | .....बार | .....बार | .....बार | .....बार | .....बार | .....बार | | | |
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| .. | | | | | | | | | | | |
| .. | | | | | | | | | | | |
| .. | | | | | | | | | | | |
| २० | | | | | | | | | | | |
| जम्मा हाजिर बिद्यार्थी सङ्ख्या | | | | | | | | | | | |
| प्रशिक्षकको हस्ताक्षर | | | | | | | | | | | |
| प्रशिक्षकको हस्ताक्षर | | | | | | | | | | | |

## अनुसूची १४ : प्रशिक्षार्थीको कार्यसम्पादन मूल्याङ्कन फारामको नमूना

(दफा ९.२.१ को (झ) संग सम्बन्धित)

### प्रशिक्षार्थीको कार्यसम्पादन मूल्याङ्कन फाराम

तालिम प्रदायक संस्थाको नामः..... तालिम स्थलः.....

तालिमको विषय(पेशाको)नामः..... .....व्याच/ समूहः.....

प्रशिक्षार्थी सङ्ख्याः..... (महिलाः..... पुरुषः.....)

तालिम सुरु मितिः..... OJT सुरु हुने मितिः.....तालिम सम्पन्न हुने मितिः.....

प्रशिक्षकको नामः..... योग्यताः..... फोन नं.:.....

प्रशिक्षकको नामः..... योग्यताः..... फोन नं.:.....

कार्य सम्पादन गरिएको मोड्युल/सब-मोड्युलको नामः.....

| क्र. सं. | प्रशिक्षार्थीको नाम | सीप सम्पादन | | सीपको प्रस्तुति (१-४)* | प्रवृत्ति (Attitude) (१-४)* | सुधार गर्नुपर्ने पक्ष | प्रशिक्षकको योजना |
|---|---|---|---|---|---|---|---|
| | | गरेको | नगरेको | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| .. | | | | | | | |
| .. | | | | | | | |
| २० | | | | | | | |

***मूल्याङ्कनको मापदण्डः**

४. उत्कृष्ट : अत्यन्त राम्रो जुन अरुको लागि नमूनाको रुपमा रहेको २. सन्तोषजनक : प्रस्तुति र व्यवहार/आचरणमा सन्तुलन रहेको

३. राम्रो : समान रुपले स्वीकार्य प्रस्तुति र व्यवहार/आचरण रहेको १. कम्जोर : प्रस्तुति र व्यवहार/आचरणको कमि र सुधारको खाँचो रहेको

मूल्याङ्कन कर्ताको नाम र हस्ताक्षरः कार्य मूल्याङ्कन मितिः

***नोटः प्रत्येक मोड्युल समाप्त भएपछि प्रशिक्षकले प्रशिक्षार्थीहरूको कार्य प्रगतिको मूल्याङ्कन गर्नुपर्दछ ।***

## अनुसूची १५ : आगन्तुक/अनुगमनकर्ता लगबुकको नमूना

(दफा ९.२.१ को (ङ) संग सम्बन्धित)

### आगन्तुक/अनुगमनकर्ता लगबुक (Visitor/Monitor Logbook)

तालिम प्रदायक संस्थाको नामः..... तालिम स्थलः.....

तालिमको विषय(पेशाको)नामः.....व्याच/समूहः.....

प्रशिक्षार्थी सङ्ख्याः..... (महिलाः..... पुरुषः.....)

तालिम सुरु मितिः..... OJT सुरु हुने मितिः.....तालिम सम्पन्न हुने मितिः.....

प्रशिक्षकको नामः..... योग्यताः..... फोन नं.:.....

प्रशिक्षकको नामः..... योग्यताः..... फोन नं.:.....

तालिम संयोजकको नामः..... योग्यताः..... फोन नं.:.....

| क्र.सं. | मिति | आगन्तुक/अनुगमनकर्ताको नाम | पद | संस्था र फोन नं. | अनुगमनको उद्देश्य | राम्रो पक्ष | सुधार गर्नु पर्ने पक्ष | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

## अनुसूची १६ : OJT का लागि उद्योगसंग गरिने समझदारीपत्रको नमूना

(दफा ९.२.१ को (ठ) संग सम्बन्धित)

**..... [तालिम प्रदायक संस्थाको नाम] र**

**..... [उद्योग/व्यवसायको नाम] को सहकार्यमा मिति ..... देखि ..... सम्म हुने कार्यगत तालिम (OJT) व्यस्थापान गर्न उल्लेखित दुई पक्ष र प्रशिक्षार्थी बीच गरिएको त्रिपक्षीय समझदारीपत्र**

..... [तालिम प्रदायक संस्था, ठेगाना] (यस पछि यस सम्झौतामा तालिम प्रदायक भनिने) र ..... [उद्योग/व्यवसाय, ठेगाना] (यस पछि कम्पनी भनिने) ले दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजनाद्वारा सञ्चालित व्यावसायिक (कार्यगत अभ्यास सहितको)तालिम कार्यक्रमको ..... [पेशाको नाम] तालिम अन्तर्गत यस समझदारीको बुंदा नं १ (क) मा उल्लेखित जम्मा ..... जना प्रशिक्षार्थीहरुलाई कार्यगत अभ्यास तालिम (On-the-Job Training) मा प्रशिक्षण गराउन देहायका पक्षले देहायका शर्त बन्देजमा रहने गरी यो त्रिपक्षीय समझदारीपत्र कार्यन्वयन गर्न हस्ताक्षर गरेका छौं ।

यो समझदारी-पत्र .....[मिति] गते ..... [बार] देखि शुरु भई ..... [मिति] गते ..... [बार] सम्म कार्यन्वयन हुनेछ, यो अवधिलाई कार्यगत अभ्यास तालिमको अवधि मानिने छ ।

**१. तालिम प्रदायक संस्थाको हकमा लागू हुने शर्तहरुः**

क. यस कार्यगत तालिम अवधिमा तालिम प्रदायक सस्थाका तालिम संयोजक श्री ..... लाई सम्पर्क व्यक्ति र कार्यगत तालिम सुपरीवेक्षक श्री ..... लाई नियमित अनुगमनकर्ताको रुपमा नियुक्त गरिएको छ ।

ख. कार्यगत तालिममा पठाउनपूर्व तालिम प्रदायकले आफ्नो संस्थामा पाठ्यक्रमले तोके बमोजिम तालिम प्रदान गरिसकेको हुनु पर्ने ।

ग. कार्यगत तालिममा पठाउनपूर्व तालिम प्रदायकले कम्पनी प्रशिक्षकलाई पर्याप्त अभिमुखीकरण प्रदान गर्ने ।

घ. कम्पनी प्रशिक्षकसंगको सहकार्यमा पाठ्यक्रम र कम्पनीको आवश्यक्ता को आधारमा तयार भएको प्रशिक्षण योजना तयार गर्ने ।

